साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४२ अंक ८ २०८० भदौ २६, मंगलबार (Sept. 12, 2023) मूल्य रू. १०/-

## भारतले नेपाललाई छिमेकी सम्झेन

अमेरिकी राष्ट्रपतिसमेत सहभागी भएर भारतले जी २० सम्मेलन भव्यताका साथ सम्पन्न गऱ्यो । यो सम्मेलनमा बंगलादेशलाई समेत सहभागी गराइयो तर नेपालसँग विशेष सम्बन्ध छ भन्ने भारतले निम्तो दिएन ।१० दलीय गठबन्धन



सरकारको कुटनीतिक असक्षमता यही घटनाबाट समेत प्रष्ट भएन र ?

## मेची सीमास्तम्भको कन्तबिजोग



बरिष्ठ पत्रकार तीर्थ कोइरालाको अध्ययन । झापाको मेचिनगर नगरपालिका बाहुनडाँगी स्थित नेपाल भारत सिमानामा रहेको सीमा स्तम्भ लामो समयदेखि यसरी क्षतबिक्षत अवस्थामा छ । संसदमा र सरकारमा राष्ट्रको चिन्ता हुन्छ, राष्ट्रको सीमा स्तम्भको यस्तो कन्तबिजोगप्रति गृहको समेत ध्यान गएको छैन ।

# नेपाल–अमेरिका सैनिक अभ्यास

काठमाडौं । एमसीसी पास गर्ने हाम्रै नेता, हाम्रै संसद हो । एमसीसी पास भइसकेपछि पनि यथार्थ जनतालाई बताउन र एमसीसीबाट नेपालीको रोजीरोटी, विकासमा के के लाभ हुन्छ, के कसरी सम्पन्न हुन्छ भन्ने विषयमा जनप्रतिनिधिले जनतालाई केही बताउन सकिरहेका छैनन् । एमसीसीका बारेमा संसदबाट पास गर्ने सबै दल अहिले पनि दोधारे नीति र दुईजिब्रे कुरा गरिरहेका छन् । एउटै पार्टीका नेता बिरोध पनि गर्छन्, समर्थन पनि । यस्तो अपारदर्शी संसद र सरकार लोकतान्त्रिक हुन्छ ?

अमेरिकी सेना अभ्यासका क्रममा आयो । हल्ला फिजाइएको छ- अमेरिकाले बेश क्याम्प खडा गर्न लाग्यो । अमेरिकाले अड्डा जमाउने भयो, चीनविरूद्ध घेराबन्दी गर्नथाल्यो ।

त्यसो हो भने नेपाली नेता, नेपाल सरकारले नेपालको हक, हित, सार्वभौमिकताको रक्षाका लागि संसदमा बहस किन चलाएका छैनन् । जनतालाई भ्रमित पारेर किन स्वार्थी बनिरहेका छन् । विश्वशक्तिको खेल मैदान बनाउन दिने, अनि कार्यकर्ताबाट बिरोध गर्न लगाउने, यो नीति नेतृत्वको असफलता, असक्षमता र नैतिकहीनता पनि हो भन्नुपर्छ । नेतृत्व असफल हुँदा देश असफल हुन्छ । नेतृत्वमा बस्ने, राष्ट्रको हितरक्षा गर्न नसक्नु राष्ट्रघात हो । स्वीकार गर्ने, दुश्मनी बढाउने काम किन भइहेछ ?



फोटो नेपाली सेना

यसैवीच नेपाली सेनासँग संयुक्त अभ्यास र प्रतिस्पर्धा गर्न अमेरिकी सेनाको एउटा समूह नेपाल आएको छ ।

यो अभ्यास र प्रतिस्पर्धा भदौ २४ देखि असोज १२ गतेसम्म काठमाडौं उपत्यका ( पाँचखाल, नगरकोटसहितका विभिन्न स्थान) मा सञ्चालन हुनेछ ।

यो अभ्यास र प्रतिस्पर्धामा नेपाली सेनाका ३० र अमेरिकी सेनाका १२ जना सहभागी हुनेछन् । खासगरी बिपद व्यवस्थापन, खोज तथा उद्धार, मानवीय सहायतालगायतका विषयमा नेपाली सेनाले अमेरिकी सेनासँग आधुनिक प्रविधिको थप ज्ञान हासिल गर्नेछन् । अमेरिकी सेनाले पनि नेपाली सेनाबाट समेत धेरै विषयमा ज्ञान हासिल गर्न सक्नेछन् ।

स्मरणी छ, नेपाली सेनाले बेलायत, अमेरिका, चीन, भारत, श्रीलंका, मंगोलिया, बंगलादेश, इजरायललगायतका धेरै मुलुकका सेनासँग खोज तथा उद्धार, विपद् व्यवस्थापन, आतंकवादबाद सँग जुध्ने कला, पर्वतारोण, राष्ट्रसंघीय शान्ति सेनामा जाँदा गर्नुपर्ने भूमिकाका विषयमा संयुक्त अभ्यास गर्दै आएको छ ।

गत बिहीबार चाहिने आवश्यक बन्दोबस्तीका सामानसहित अमेरिकी सैनिक टोली वायुसेनाको विमानमा नेपाल आउँदा नकारात्मक हल्लाखल्ला गरियो । यसैवीच बेलायतमा हुने प्रतिस्पर्धात्मक' एक्सरराइज क्याब्रियन प्याट्रोलमा सहभागी हुने नेपाली सेनाको १० सदस्यीय टोली प्रमुख सेनानी विवेक विक्रम शाहको कमाण्डमा अघिल्लो दिन नै बेलायत हिडेको थियो । सैनिक सूचना अधिकारी कृष्णप्रसाद भण्डारीका अनुसार अभ्यासको यो ४०औं संस्करण हो । सूचनाअधिकारी भन्छन्- उनले भने, 'नेपाली सेना र अमेरिकाको सेनाबीच हुँदै आएको ज्वाइन्ट कम्बाइन्ड एक्सचेन्ज ट्रेनिङ ब्यालेन्स नेलको नियमित अभ्यास हो । संयुक्त अभ्यासमा विपद् व्यवस्थापन, खोज तथा उद्धार, मानवीय सहायता, प्रतिआतंकवाद नियन्त्रण, शान्ति सेनामा खटिँदाको भूमिका लगायतका विषयहरूमा अनुभव तथा ज्ञान आदान प्रदान हुनेछ ।' संयुक्त अभ्यास सैनिक सम्बन्ध विकासको कडी पनि हो ।

## प्रधानमन्त्री फेर्ने आवाज उठ्नथाल्यो



हेटौंडा । नेपाली कांग्रेसका बरिष्ठ नेता शेखर कोइरालाले प्रचण्डमाथि अराजक बनेको आरोप लगाउँदै सरकारको नेतृत्व गर्नुपर्ने बताएका छन् ।

भदौ २४ गते ११०औं वीपी जयन्ती । नवलपुरस्थित वीपीको शालिक अनावरण गर्दै सरकारको नेतृत्व फेर्नुपर्ने धारणा सार्वजनिक भएको हो । शेखरले बताएका छन्- अब सरकारको नेतृत्व फेर्नुपर्छ ।

शेखर कोइरालाले प्रचण्डकै कारण धरानमा जातीय द्वन्द्व भएको आरोप लगाउँदै प्रचण्डले 'आदिवासी जनजातिको कार्यक्रममा हामीलाई भोट दिनुस् हामी जातीय राज्य दिन्छौं भनेर भन्नुभयो । सुर्खेतमा गएर एक दुई महिनाभित्र डेढ दुई लाख जना मानिस सडक उताछौं भन्नुभयो ।' यो अराजक अभिव्यक्ति हो ।

नेता शेखर कोइरालाले माओवादीलाई सत्राका नशा चढेको र सत्ता र शक्तिको कारण मदमत्त भएकोसम्मको आक्षेप लगाउँदै सरकारको नेतृत्व फेर्नुपर्ने बताए ।

## काजीको खरो टिप्पणी, तीतो सत्य

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले आफ्नै पार्टीनेताहरूको विषयमा खरो टिप्पणी, तीतो सत्य अभिव्यक्ति दिएका छन् । काजीले भनेका छन्- माओवादी नेताहरूको आफ्नो पैतृक सम्पत्ति त्यत्ति देखिएको छैन । पार्टीले नेताहरूलाई पैसा दिएको पनि छैन । दिनसक्ने पार्टीको क्षमता पनि छैन । नेतालाई सुख र बिलाशी जीवन बिताउन कसैलाई पैसा दिएको पनि छैन । नेताहरूले काम गरेको, कुनै उद्योग-व्यवसाय गरेको पनि देखिदैन ।



फेरि नेताहरू कुन स्रोतबाट आलिसान भवनमा बसरी बसिरहेका छन् भन्ने स्वभाविक प्रश्न उठेको छ । यसबाट थाहा हुन्छ हाम्राभित्र पनि भ्रष्टीकरण बढ्दै गएको छ । यो सत्य हो, लुकाएर लुक्दैन, यो प्रवृत्तिलाई सच्याउनै पर्छ । नेता सच्चिनै पर्छ ।

## संसदले स्वीकार गरिसकेपछि शत्रुता किन ?




*एमसीसीको घनघोर बिरोध भइरहेको थियो । पास नहोस् भनेर मर्न मार्न तैयार भएर सडकमा आगो बलिरहेको थियो । खासगरी माओवादी कार्यकर्ताहरूसहितको बिरोधको ओजन देख्दा लाग्थ्यो, एमसीसी पास हुँदैन ।*

*तर रातारात के भयो, कुन गायत्री मन्त्रले काम गऱ्यो थाहा भएन । ०७८ फागुन १५ गते संसदबाट एमसीसी पारित भयो । कसैले पनि बिरोध गरेनन् । अर्थात् एमसीसी नेपालको दायित्व र कर्तव्य बन्न पुग्यो ।*

*कतिपयका बिरोधका स्वर सुनिएकै थियो । एमसीसी परियोजना अन्तर्गतका जग्गाप्राप्ति, जंगल फडानीलगायतका विषयमा अड्चन आइरहेकै थिए । अमेरिकाका मन्त्री, प्रतिनिधिहरूको लगातार नेपाल भ्रमण भइरहे । अन्ततोगत्व भदौ १३ गते एमसीसी परियोजना ५ वर्षभित्र सम्पन्न गर्ने गरी कार्यान्वियनमा गयो । प्रचण्ड नेतृत्वको १० दलीय सरकार, प्रमुख प्रतिपक्षी एमालेलगायतका सबैले एमसीसी समयमै कार्यान्वयन गरिसक्ने, कार्यान्वयनमा सहयोग गर्ने प्रतिवद्धता जनाए, कार्यान्वयन सुरू भयो ।*

*असोज ५ गते प्रम प्रचण्ड अमेरिका हुँदै चीन जाँदैछन् । निश्चित रूपमा चीनको बीआरआईको कार्यान्वयनबारे कुरा उठ्नेछ । बीआरआई नेपालमा कार्यान्वयन हुने कि नहुने, हुने भए कुन कुन योजनामा हुने आदि विषयमा हुने बहसका बीचमा प्रम प्रचण्डले हालै चीनले जारी गरेको नक्सामा नेपालका कालापानी, लिम्पियाधुरा, लिपुलेकको नक्सा किन भारतमा पारियो भनेर कुरा उठाउने साहस गर्नुपर्छ । अमेरिकी सेना अभ्यास गर्न आएकोदेखि चीनका सुरक्षा चासोको विषयमा अनेक संशय छन् । ती सबै संशयमा नेपालले चित्तबुझ्दो जवाफ दिनुपर्ने हुन्छ । प्रम प्रचण्डलाई सफलता मिल्ला ?*

## मेजर जनरल बन्दै



२०७६ भदौ ३१ मा पूर्वलडाकु महासेनानीको दर्ज्यानीबाट हाल सहायक रथी रहेका यमबहादुर अधिकारीको पदावधि के होला ? भन्ने प्रश्न उठेको छ ।

प्रचण्ड सरकारले एकचोटीका लागि भनिए पनि विशेष निर्णय गरेर जनमुक्ति सेनाका पूर्वलडाकु कमाण्डरलाई नेपाली सेनाको मेजर जनरलको विशेष पद सिर्जना गरेर बढुवा गर्ने तैयारी भइरहेको चर्चा सुनिएको छ । रक्षा मन्त्रालयका स्रोतका अनुसार सोही पदमा पदावधि थप्ने गृहकार्य भइरहेको छ । पूर्व निर्णय उल्ट्याउने वा नयाँ पद सिर्जना गर्ने ? आन्तरिक छलफल भइरहेको छ । स्मरणीय छ, अनमिनले प्रमाणिकरण गरेका १९ हजारमा १४ सय नेपाली सेनामा समायोजन गरिएको थियो ।

## कोठे पीचडी एसोसियसनको सार्वजनिक सम्मेलन



भदौ २१ अर्थात sept 7 मा Nepal PhD Association- को सम्मेलन भएको छ । सम्मेलनमा विद्वानहरूको जमात देखियो, यी पीएचडी डिग्रीधारीहरूले देशको अवस्था, स्थिति र राज्यले संसदले कर्तव्य किन पूरा गरेनन् भनेर बोल्न सकेनन् ।

**जबसम्म भाडाका मान्छेको हातमा शासनसत्ता रहन्छ, तबसम्म सार्वभौमसत्ता, स्वतन्त्रता र स्वाधीनता कल्पना गर्ने विषय मात्र । अहिले हामी यही अवस्थामा गुज्रिएकाछौं ।**

## उदार तानाशाहको बिकल्प रहेन



**प्रेमसागर पौडेल**
**नेपाल–चाइना म्यूचुअल कोपरेशन सोसाइटी**

*एमसीसीले पश्चिमाका दलालहरू नाङ्गेझार भए भने नागरिकता संशोधन विधेयकले अन्यको पनि मुखुण्डो उघारियो । दिल्लीमा भएको कमिटमेण्ट देशको हितमा छैन । लाखौं जनता सडकमा उतार्ने प्रधानमन्त्री पुष्पकमल दाहालको उद्घोषका पछाडि उनको अस्तित्व रक्षाको प्रश्न लुकेको छ ।*

*सरकार किन राष्ट्रघाती विधेयक पास गराउन र अन्य अराष्ट्रिय काम गर्न मरिहत्ते गरिरहेको छ ?*

*नेपाली सेना र हामी जनता मिलेर देश बचाउने अवस्था आएको महशुस हुँदैछ ।*

*राजनीतिक दलहरू र तिनका नेतृत्वको बोली र ब्यवहार देश तथा जनता विरोधी देखियो । बेथिति र अराजकताबाट पार पाउन उदार तानाशाह जरूरी भयो ।*

*नेपालजस्तो आर्थिक रूपमा टाट पल्टिन लागेको देशमा जनप्रतिनिधि भनाउँदाहरूले जुकाले जसरी देश चुस्नु कदापि राम्रो होइन । फेरि भन्छु- म मेरो देशको सार्वभौमसत्ता, अखण्डता, समृद्धि र स्थायित्वका लागि उदार तानाशाहको पक्षमा छु ।*

# नइका पाँच कृतिको लोकार्पण

वानीरा फाउन्डेसनका संस्थापक तथा संरक्षक ई.शङ्कर गिरीले नइ प्रकनशनबाट प्रकाशित पाँच वटा कृतिको काठमाडौँमा आज लोकार्पण गर्नुभयो ।

इन्दिरा प्रसाईद्वारा लिखित 'बघेनी' नामक प्रयोगवादी कथासङ्ग्रह लगायत सुनीता कार्कीको 'साथ रहोस् नरहोस्', भगवती बस्नेतको 'विश्वम्भरा', ओमकुमारी बञ्जारा




रानाभाटको 'ऋतु' र रश्मि रिमालबाट रचित 'पर्दाभित्र' कवितासङ्ग्रहहरू आज लोकार्पण भएका कृतिहरू हुन् । कार्यक्रममा समालोचक प्रा.केशव सुवेदीबाट लोकार्पित कृतिहरूको समीक्षात्मक मन्तव्य प्रस्तुत भएको थियो ।

समारोहमा कविताकृतिका नारीस्रष्टाहरूबाट कविता वाचन भएको थियो ।

वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईको सभापतित्वमा सञ्चालित सो समारोहमा सदस्यसचिव नरेन्द्रराज प्रसाई तथा कार्यक्रम संयोजक भगवती बस्नेतले नवकृतिहरू र संस्थाको प्रगतिबारे मन्तव्य प्रकट गर्नुभयो ।

वानीरा फाउन्डेसनका अध्यक्ष इन्दिरा प्रसाईबाट फाउन्डेसन भवनको प्राङ्गणमा रहेको नेपाली साहित्यका विश्व नारी रत्न डा.वानीरा गिरीको पूर्ण कदको सालिकमा माल्यार्पण गरिएपछि कार्यक्रम आरम्भ भएको फाउन्डेसनले जनाएको छ ।

# सखी प्रतिष्ठानको कार्यक्रम

गतहप्ता सखी मिलन कार्यक्रम सप्पन्न भएको छ ।

सखी प्रतिष्ठानले सामाजिक विकास समाज, अनामनगर, काठमाडौँमा तीजको अवसरमा आयोजना गरेको 'सखी मिलन कार्यक्रम' सम्पन्न भएको छ ।

प्रतिष्ठानकी अध्यक्ष मन्जिला अनिलको सभापतित्वमा आयोजित सो कार्यक्रममा राष्ट्रिय सूचना आयोगकी सूचना आयुक्त मा. कमला ओली, साहित्यिक पत्रकार संघका अध्यक्ष एवं प्रतिष्ठानका प्रमुख सल्लाहकार राधेश्याम लेकाली, विश्व हिन्दू महासंघका कार्यवाहक अध्यक्ष अस्मिता भण्डारी, समाजसेवीहरू अस्मिता सुमार्गी, सिर्जना भेटवाललगायतले कार्यक्रममा आआफ्नो शुभकामना मन्तव्य राख्नुभयो ।



प्रतिष्ठानकि उपाध्यक्ष कमला रिसालले संचालन गर्नु भएको सो कार्यक्रममा गायक प्रकाश खड्का र गायिका रितु कंडेलले विभिन्न गीतहरू गाउनु भएको थियो भने सामुहिक नृत्यमा सबैले सहभागीता जनाउनु भएको थियो ।


कार्यक्रममा साहित्यकारहरू पद्ममावती सिंह, शीला पन्त, सुशीला देउजा, माया पौडेल, भगवती बस्नेत, मुरारि सिग्देल, डा. शशी थापा, रत्नलक्ष्मी श्रेष्ठ तथा समाजसेवी माला खरेललगायत ७० जनाको उपस्थिति रहेको थियो ।

**एक होनहार युवाको प्रश्न–**
**ललिता निवास ! कुरो बुझ्नु भो त ?**

# हरि मञ्जुश्रीको खोज

## वेदमा झ्याउरे

नेपाली लोकछन्द झ्याउरेको प्रयोग वेदमा पनि गरिएको रहेछ । ऋग्वेदमा झ्याउरे छन्द भएको प्रमाण यो ऋचा हो – "पुरांभिन्-दुर्युं वा कवि-रमि-तौजा अजायत, इन्द्रो विश्वस्य कर्मणो धर्ता बज्री पुरूष्टुत:" । सामवेदमा झ्याउरे छन्द भएको प्रमाण यो ऋचा हो – "त्वेषस्ते धूम ऋण्वति दिवि सञ्छुक्र आतत:, सूरो न हि द्यु-ततां त्वं कृहा पावक रोचस" । त्यसैले नेपाली लोकसाहित्यको लिखित स्वरूपको अध्ययन गर्दा ऋग्वैदिक कालसम्मै पुग्नुपर्ने रहेछ ।



# अन्यौल र संकटकावीच प्रम दाहालको विदेश भ्रमण



**डा. केशव देवकोटा**

प्रधानमन्त्री पुष्पकमल दाहाल संयुक्त राष्ट्रसंघको ७८ औं महासभामा भाग लिन यही भदौ ३० गते अमेरिकाको न्युयोर्क प्रस्थानगर्ने कार्यक्रम रहेको छ । न्यूयोर्कमा यही भदौ १९ (सेप्टेम्बर ५) बाट संयुक्त राष्ट्रसंघको महासभा शुरू भैसकेको छ । भदौ ३१ देखि असोज ९ गते (सेप्टेम्बर २६) सम्म उच्चस्तरीय तहको सहभागिता रहने भएको छ । भदौ १९ गते ७८औं महासभाका अध्यक्ष डेनिस फ्रान्सिसले महासभाको अधिवेशनको उद्घाटन गर्नुभएको थियो । अधिवेशनमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसकातर्फबाट उपप्रमुख अमिना मोहम्मदले उहाँको मन्तव्य पढेर सुनाउनु भएको थियो । जसमा यो निराशाको नभई काम गर्नुपर्ने क्षण भएको, शान्ति र मानव अधिकारको लागि कार्य, दिगो विकास लक्ष्य, जलवायु परिवर्तनका कारण आएको खतरालाई सम्बोधन गर्नुपर्ने, उत्पादनशील रोजगारी सिर्जना तथा महिला र युवाहरूका लागि रोजगारीको अवसरमा आवश्यक जोड दिइएको थियो । फ्रान्सिसले महासभाको नयाँ शैक्षिक सत्र विश्वको डरलाग्दो अवस्थाका बीचमा शुरू भएको र धेरै चुनौतीहरू रहेको बताउनु भएको थियो । उहाँले बिद्यमान विश्वव्यापी समस्या समाधानका लागि कामगर्न आवश्यक रहेकोसमेत बताउनु भएको छ ।

त्यसैगरी उहाँले विश्वव्यापी सहयोग र साझा प्रतिबद्धतामा सबै लाग्नुपर्ने सुझाव पनि दिनुभएको छ । प्रम दाहालले असोज ४ गते (सेप्टेम्बर २१) मा महासभामा सम्बोधन गर्नुहुने कार्यक्रम तय भएको छ । त्यहींबाट असोज ५ गते चीन भ्रमणमा जाने र सेप्टेम्बर २५ मा स्वदेश फर्किने कार्यक्रम रहेको छ । महासभामा भाग लिने क्रममा प्रधानमन्त्रीले दाहालले न्युयोर्कमा बिभिन्न मुलुकका राष्ट्र तथा सरकार प्रमुखहरूसँग पनि भेटवार्ता गर्नुहुने कार्यक्रम छ । उहाँ अमेरिकी राष्ट्रपति जो बाइडेनले आयोजना गर्ने रात्रिभोजमा समेत सहभागी हुनुहुनेछ । महासभा अन्तर्गत हुने बिभिन्न सत्रमा नेपालका तर्फबाट प्रस्तुत गरिने कार्यसूचीमा विगत केही वर्षयता उठिरहेको सदाबहार विषयहरूसँगै कोरोनाको महामारीपछिको पुनरूत्थानका लागि हुने आयोजनाहरू रहेका छन् । जसमा दिगो विकासका लक्ष्यमा नेपालको प्रगति, जलवायु एम्बिसन सम्मेलन, महामारी पूर्वतयारी, फाइनान्सिङ डेभलपमेन्ट, विश्वव्यापी स्वास्थ्य अवस्थाजस्ता बिषयहरू रहने भनिएको छ । आगामी असोज १ देखि बिभिन्न सत्रमा नेपालको सक्रिय सहभागिता रहनेछ । अति कम विकसित मुलुकबाट स्तरोन्नति हुनका लागि प्रयासरत नेपालले यसवर्ष उक्त समूहको अध्यक्षसमेत 'शेयर अफ द ग्लोबल को अर्डिनेशन ब्युरो अफ लिष्ट डेभलपमेन्ट कन्ट्री'का हैसियतबाट सभाको बैठक सञ्चालन गर्नेछ ।

छिमेकी भारतबाट पहिलो विदेश भ्रमण शुरू गर्नुभएका दाहाल आगामी साता अमेरिका हुँदै चीनसम्म पुग्नुहुने भएको छ । खासमा चीनको हन्जाउमा हुनलागेको १९औं एशियन खेलको उद्घाटनमा सहभागी हुनु प्रम दाहालको चीन भ्रमणको उद्देश्य हो । उक्त एशियन खेलको उद्घाटन चीनका राष्ट्रपति अथवा प्रधानमन्त्रीमध्ये एकजनाले गर्ने भनिएको छ । एशियन खेल समारोहमा सहभागी भएपछि प्रधानमन्त्री दाहाल बेइजिङ पुग्नुहुनेछ । बेइजिङमा उहाँले चिनियाँ समकक्षीसँग द्विपक्षीय वार्ता र चिनियाँ राष्ट्रपतिसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । यो आलेख तयारगर्दासम्म प्रम दाहालका चीन भ्रमणका खास एजेण्डाहरू सार्बजनिक भएका थिएनन् । तथापि उहाँले आफ्नो आसन्न भ्रमणलाई मुलुकको अर्थतन्त्रको गेमचेन्जर हुने बताउने गर्नुभएको छ । प्रम दाहालले बेलाबखत चीनसँग पनि विद्युतीय व्यापारको सम्झौता हुने पनि बताउनु हुन्छ । जसबारे दुई देशबीच सकारात्मक कुराकानी भएको बताउँदै उहाँले सहमतिपत्रमा हस्ताक्षर हुने दाबिपनि गर्नुभएको छ । उहाँले भारतसँगजस्तै चीनसँग पनि रसुवा नाकाबाट क्रसबोर्डर ट्रान्समिसन बनाउने कुरामा सहमति भएको बताउने गर्नुभएको छ । झन्डै पाँच वर्षपछि प्रधानमन्त्रीको स्तरमा नेपालबाट चीनको भ्रमण हुनलागेकाले यो महत्वपूर्ण हुने कतिपयको आंकलन पनि छ । प्रधानमन्त्रीका रूपमा दाहालको यो तेश्रो चीन भ्रमण हो । यसअघि तत्कालीन प्रधानमन्त्री केपी ओलीले सन् २०१८ मा बेइजिङको भ्रमण गर्नुभएको थियो । त्यसको करिव डेढ वर्षपछि चिनियाँ राष्ट्रपति सी जिन्पिङले नेपालको भ्रमण गर्नुभएको थियो । त्यसक्रममा चीन नेपालबीच रेल सञ्जालको विस्तारसहितका बारेमा महत्वपूर्ण समझदारी हुनुकासाथै नेपाल र चीनबीचको दुई पक्षीय सम्बन्धलाई रणनीतिक साझेदारीको तहमा पुगेको घोषणा गरिएको थियो । सन् २०१९ मा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले गरेको चीन भ्रमणका क्रममा दुई देशबीच पारवहन यातायात प्रोटोकलका क्षेत्रमा सहमति भएको थियो ।

प्रधानमन्त्री दाहाललाई चीनले गत मार्चमा बोआओ फोरमको सम्मेलनमा भाग लिन निम्तो दिएपनि उहाँ जानु भएन । जसको मुख्य कारण पहिलो विदेश भ्रमण भारतबाटै गर्नेभन्ने प्रम दाहालको अडान रहेको थियो । प्रम दाहालले प्रतिनिधिसभाका पछिल्ला बैठकहरूमा आफ्नो चीन भ्रमणकाक्रममा यसअघि भएका सम्झौता र समझदारीहरूको कार्यान्वयनमा जोड दिइने बताउँदै नेपाल र चीनबीचको आर्थिक र व्यापार सम्बन्धलाई थप सघन बनाउने र दुई देशबीचका सीमा नाकाहरूको सञ्चालनलाई प्रभावकारी बनाउने तथा नयाँ नाकाहरू खोल्ने विषय पनि छलफल गर्ने बताउनु भएको थियो । चिनियाँ पक्षले पछिल्ला दिनमा नेपालमा आफ्नो बिआरआईको कार्यान्वयन सहितका विषयमा बढी चासो व्यक्त गर्दै आएको छ । चीनले सो परियोजना पोखरा बिमानस्थलको निर्माणसँगै कार्यान्वयनमा आइसकेको बताउने गरेकोछ भने नेपालले बीआरआई अन्तर्गत ऋण लिएरभन्दा पनि अनुदानमा आधारित परियोजना अघि बढाउन चाहेको जनाएको छ । प्रम दाहालको आसन्न भ्रमणका क्रममा चीनले बीआरआईसहित आफ्नो सुरक्षा मामिलाका बारेमा प्रश्न उठाउने निश्चित मानिएको छ । नेपालले चिनियाँ नाकाहरू खोल्ने र सुचारू गर्न कुरा उठाउने छ ।

चीनको सीमा क्षेत्रमा भएका हाइड्रो प्रोजेक्टमा चिनियाँ लगानी ल्याउनबारे छलफल हुने संभावना छ । रसुवागढी र किमाथाङ्काबाट ट्रान्समिसन लाइन निर्माण, सेती करिडोर र हिल्सादेखि सुर्खेतसम्म सडक बनाउनेबारे पनि छलफल हुनसक्छ । नुवाकोट-छहरे टनेल बनाउने र कोदारी राजमार्गको अपग्रेड तथा पुनर्निर्माणगर्ने, चीनसँगको व्यापार घाटालाई ध्यानमा राखेर निर्यात बढाउने, चीनसँग मिलेर नेपालमै केही उद्योगहरू खोल्नेलगायतका कुराहरू पनि रहेका छन् । प्रम दाहालको आसन्न चीन भ्रमण नेपालमा अमेरिकी परियोजना एमसीसी कार्यान्वयन थालिएको घोषणा भएको २२ दिन र चीनले भारतसहितका केही मुलुकको भूमी समेटेर तथा नेपालको चुच्चे नक्सा नभई पुरानै नक्सा प्रयोग गरेर आफ्नो देशको नयाँ नक्सा जारी गरेको २४ दिनपछि हुन लागेको छ । नेपालमा एमसीसी कार्यान्वयन भएको घोषणा गरिए लगत्तै चीन र भारत दुबैले नेपालतर्फको सीमामा थप सुरक्षा सतर्कता अपनाउन थालेका छन् ।

एमसीसीको कार्यान्वयन थालिएको घोषणा भएलगत्तै अमेरिकाको दुईवटा उच्चस्तरीय प्रतिनिधि मण्डलले नेपालको भ्रमण गरेको छ भने अमेरिकी सेनाको एक टोलीले गत २४ गतेबाट भक्तपुरको नगरकोटमा नेपाली सेनासँग संयुक्त अभ्यास गरिरहेको छ । *०७८ फागुन १५ गते नेपालको संसदबाट एमसीसी पारित भएको नाटकीय घोषणा गराउन र यही भदौ १३ गते एमसीसीको कार्यान्वयन थालिएको घोषणा गराउन प्रम दाहालले निर्वाह गर्नुभएको महत्वपूर्ण भूमिकाका लागि अमेरिकी अधिकारीहरूले धन्यवाद दिने र चिनियाँ अधिकारीहरूले गंभिर संशय ब्यक्तगर्ने संभावना रहेको छ ।* खासगरी ०७८ असारमा माओवादी केन्द्रका अध्यक्ष दाहालकै पहलमा गठन गरिएको नेकांका सभापति शेरबहादुर देउवा नेतृत्वको सरकारले शुरूमै चीनले नेपालको सीमा मिचेको बिवाद सिर्जना गरेको थियोभने त्यसपछि नेपालले रूस-युक्रेन युद्धमा रूसको बिरोध गरेर आफूलाई युक्रेनको पक्षमा उभ्याएर नेटोको पक्षमा संलग्नता देखाएको छ ।

त्यसैगरी यसअघिको संयुक्त राष्ट्रसंघको महासभामा पनि रूसको बिपक्षमा मतदान गरेको थियो । जबकी हालै (भदौ २३-२४ मा) भारतको दिल्लीमा भएको जी-२० राष्ट्रहरूको शिखर सम्मेलनमासमेत रूस र युक्रेनले वार्ताका माध्यमबाट समस्याको समाधान गर्नुपर्ने सहमति भएको छ । जी-२० मा अमेरिका, युरोपेली संघ र १९ वटा देशहरू रहेका छन् । रूस-युक्रेन युद्धको मामिलामा छिमेकी चीन र भारतले तटष्ठता अपनाएको अवस्थामा नेपालले बिवादमा मुछिने र असंलग्न परराष्ट्र नीति बिपरित जाने दुस्साहस गरेको थियो । पछिल्ला दिनमा सत्तारूढ दलकै कतिपय नेताहरूले नेपाल असंलग्न परराष्ट्र नीतिबाट बिचलित हुनलागेको भन्दै चिन्ता र चासो पनि ब्यक्त गरेका छन् । त्यसैले प्रम दाहालको चीन भ्रमणका क्रमममा नेपालको अन्तराष्ट्रिय संलग्नताको बिषयलाई लिएर बिभिन्न प्रश्नहरू उठ्ने संभावना छ । नेपालमा आर्थिक संकटको अवस्था छँदैछ, सत्ता गठबन्धन दलभित्र संकट पनि बढ्दै गएको छ । एमसीसी कार्यान्वयनमा गएको घोषणा भएपछि राजनीति र खासगरी सत्ता राजनीतिमा फेरबदल आउने संभावना देखिएका छन् । त्यसैले प्रम दाहालको अमेरिकादेखि चीनसम्मको यसपटकको भ्रमणले नेपाललाई खासै नयाँ उपलब्धी हुने देखिएको छैन । यद्यपि प्रम दाहालले उपलब्धिको ठूलै हल्लाखल्ला गर्ने पक्का छ ।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# आगोसँग किन झस्कियो सिंहदरवार ?



बैकुण्ठ भण्डारी

काठमाडौं महनगरका मेयर बालेनको आगो झोस्ने आक्रोशबाट सिंहदरवार नराम्ररी झस्किएको छ। देशको प्रशासनको केन्द्र एउटा सामाजिक सञ्जालको स्टाटसले झस्किन्छ भने लोकतान्त्रिक गणतन्त्र बलियो भएछ कि कमजोर ? अनुमान गरौं।

भदौ १६ गते शनिबार मध्यरात एकाएक विश्वभरका नेपालीहरूले प्रयोग गर्ने सामाजिक सञ्जालमा भुसको आगोजस्तै राप एकाएक सल्कियो। कति अँध्यारो कोठामा षडयन्त्र गर्दै थिए होलान्, कति खाने तरखरमा, कति सुत्ने तरखरमा थिए होलान्। यसो मोबाइलमा खोलेर चोरी औंलारे घिसार्दै गर्दा सञ्जालभरि आगो सल्किसकेको थियो। सिंहदरबारमा आगो बल्ने भो भनेर ! समर्थन र बिरोधमा कमेन्टको जुलुसै देखियो।

महानगर स्थानीय सरकारका प्रमुख बालेनको आगोले सनसनी फैलिएको थियो। 'याद राख चोर सरकार' सरकारमा बस्नेहरू चोरै चोर भए। कसैले सुन चारे, कसैले धन चोरे, कसैले देशको अस्तित्व नै चोरे। गाउँ चोरे, गाउँलेका मत चोरे। त्यही भएर चोर सरकार भनेपछि चोरलाई साथ दिनेहरू त रन्थनिने नै भए। भयानक डढेलो सल्केको देखियो।

'याद राख चोर सरकार' लाई छिनभरमा लाखौंले समर्थन जनाए। किन समर्थन जनाए। सरकार चोर भएर ? सरकारको काम चोर भएर ! के भएर ? किन त्यत्ति धेरै चोर औंलाहरूले ड्याम्म-ड्याम्म लाइक 'क्लिक' हान्दिए ! त्यसै चोर औंलाहरू मोबाइलका स्क्रिनमा मख्ख परे। विश्व नै सामाजिक सञ्चालमा दंग छ, त्यसैले होला 'याद राख चोर सरकार' मा सबै दंगदास देखिए।

स्वदेश अनि विदेशमा बास बसेका सबैले क्या वात बालेन, बल्ल थाहा पाए चोरहरूले ! भन्दिए। 'कुरा के हो पत्तै भएन पूरै धराने आगो लिएर सिंहदरबार जलाउन आउँछु' भनेर अर्को सरकारका प्रमुखले ठोक्दिए। धरानेसहित सिंहदरबार जल्ने डरले रातभर दमकल कुदेको कुदै ! सिंहदरबारमै आगो बल्ने भएपछि सिंहदरबारभित्र बस्ने चोरहरू झस्केर डरले थुरूरू... ! बहत्तरको भुइँचालोले हल्लाएको जस्तो हल्लेको हल्यै। न झस्केर, नहल्लेर पनि के गर्नु, कुनबेला आगो बल्ने नै थाहा छैन। हिजो सिंहदरबार चलाएका **बा** र अहिले सहर हाँकेका **लेन**को मार्ग नै खुट्याउन गाह्रो छ। काठमाडौंको ट्राफिक बत्तीजस्तो ! कुनबेला रातो बत्ती बल्छ, कुनबेला हरियो बत्ती थाहा नै नहुने !

ऊ बेला बाको कस्तो उखान आउने हो पत्तो हुँदैनथ्यो। अहिले बालेनको कस्तो टुक्का आउँछ थाहै हुँदैन। सबै तीन छक्क। बाले बोल्दा हाँसोको फोहोरा, बालेनले लेख्दा कमेण्ट र सेयर। नआओस्, नहोस् पनि किन बालेनलाई जेसुकै होस्, बालै भएन। न त पार्टी चलाउन उठाउनु छ, न त कार्यकर्ता नै पाल्नुछ। जसरी हुन्छ जनताले उहिल्यैदेखि चोर भनेकालाई चोर नै हुन् भन्ने देखाउनु छ।

ए बाऽबाऽ होइन मान्छेले किन बुझ्दैनन् हो। स्वतन्त्र भन्या निर्दलीय हो। निर्दलीय भएपछि दलीयलाई त उछितो काट्नपर्‍यो नि ! निरंकुश भयो भन्छन्। यत्रा पढेलेखेका मान्छे बस्ने सहराँ निरंकुश हुन सक्नु पनि ठूलै कुरा हो नि। राम्रो गर्दा नि सुख छैन, नराम्रो गर्दा पनि सुख छैन, गर्नेचाहिँ के हो के ? त्यसमाथि पनि नेपालाँ त पर्चाकारिता फस्टाको छ। तँ यो दलेको, म यो दलेको। त्यही दले दले हुँदै गर्दा ट्युवेले खेला खेल्दिएको छ। भाको नभाको चौपट्टै पार्दिन्छन्। कहाँको फोटो कहाँ लगेर हुल्दिन्छन्, अनि भन्छन् हेर्नु करामत ! यो देश करामतै करामतको चटके खुलामञ्चजस्तो भयो।

लोग्नेस्वास्नीको झगडा गराएर, सडकाँ उफारेर करामत हुन्छ ? करोडौं खर्च गरेर खोलेको टिभीमा देखाएको कुरा त सत्य हुँदैन अनि फेसबुकाँ लेख्या कुरा पत्याउने ? सिंहदरबारमा आगो लगाइदिन्छु पो भनेको त, लगाइहालेको हैन नि ! त्यसमाथि पनि सिंहदरबारमा दिनदिनै अपराधी-आगो लाग्या छ देख्नुपर्दैन ? हेर्नुपर्दैन ?

दल दलका कुन सांसद र कुन मन्त्री कुनबेला जेल जाने हो पत्तै नभए मनभित्र आगो बलिरहेको छ। कर्मचारीहरूलाई रातो घरले कुनेबेला च्याप्पै समातेर अनुहार हेर्नै नहुनेगरी ससुरालीमै पुऱ्याउने डरले मुटुभित्र आगो लागिरहेको छ। सिंहदरबारभित्र दिनदिनै पातपतिंगर बालेर आगो बलिरहेको छ। सिंहदरबारभित्र पहिले-पहिले रूखबाट झरेका पातहरू, फोहोरहरू त्यही बालिन्थ्यो। अब त्यो पातलाई र फोहोरलाई सिसडोलसम्म किन पुऱ्याउनु त्यही आगो बाल्न पो खोज्या हो कि ? अत्तोपत्तो कसैलाई छैन।

अर्थ लगाउने हो भने बा अर्थात् पिता लेन भनेको बाटो। अनि स्थानीय सरकारको पिताले देखाएको बाटो खुरूखुरू नहिँडेर खोल्सा-खोल्सी ताकेर हुन्छ। सही बाटो पो हिँड्नुपर्‍यो नि ! ऊ बेला मट्यांग्रा हजुरबाले भन्थे, 'तँ हेर म हेर, ठाउँ हेर बेला हेर'। त्यही हेरेर पो कुरा गर्नुपर्छ त। कस्तो ठाउँमा कुन समयमा कोसँग बोलेको छ भन्ने कुरा हेक्का त राख्नुपर्‍यो नि ! त्यत्तिकै थरऽर रऽररऽ काँप्नुपर्छ र ? सिंहदरबार त आफैं गर्जिने सिंह पो हो त। सयौं वर्षदेखि गर्जेको गर्ज्यै छ। सिंहदरबार त गर्जिनेमात्र हो। अरू कुरा त 'न्याय नपाए गोर्खा जानु' त्यसै भनेको छैन। न्याय नहुने सिंहदरवारमा शब्दको आगोले पनि खरानी बनाउने रैछ।

दलीय सिंहदरबारले न्याय दिँदैन। त्यही न्याय नदिएकै भएर जनता जनार्दनले पनि निर्दलीयलाई भोट दिएका। सेना पुलिसको घेराभित्र बसेर सिंह गर्जिएजस्तै गर्जिनेमात्र हो, सिंहदरबार। त्यही भएर हजुरबाले पनि चोर बस्ने ठाउँ भन्थे, बाले पनि चोरहरू बस्ने ठाउँ भने छोराको त के कुरा गर्नु नातीले समेत चोर बस्ने ठाउँ भन्न थाल्या छ। हो गर्जिने भनेकै चोर हो। त्यही भएर एउटाले अर्को सरकारलाई चोर भन्न नपाउने ! सर्पले पो सर्पको खुट्टा देख्छ। त्यसमाथि पनि ३० सालमा आगो लगाएकै हो सिंहदरबारमा ! पाल्पा दरबार पनि आगै लगाको हो।

आगो, ३० सालमा सिंहदरबारमा आगो लगाको, ६० तिर पाल्पा दरबारमा आगो लगाको। अनि पाल्पामा आगो लगाउने मान्छे नै सिंहदरबारमा गर्जेको बेला ८० सालमा फेरि सिंहदरबारमा आगो लगाउछु भन्न नपाउने ! यति भन्दा किन झस्किने हो सिंहदरबार। कठै सिंहदरबार १६ महिनादेखि झस्केको झस्क्यै छ। अब यसरी झस्किरहेपछि त सातो गाको हुनसक्छ ! त्यो सातो बोलाउनका लागि सिंहदरबारमा आगो लगाएर खली ख्वाउने पो भनेको। खरानी बनाउने कहाँ भन्या हो र !

'जो आए आए, गुलेली खेलाए, गए।'


bhandaribai@gmail.com

# क्लब कोलिंग (कथासङ्ग्रह)

*अरूणबहादुर खत्री-*

कथाकार अरूणा सब्बलवालको क्लब कोलिंग नामक कथासङ्ग्रहमा इङ्लिश रोज, राकिङ चेयर, स्वयं, सुगन्धित हावा, सानो शीश महल लगायत विभिन्न शीर्षकका १५ वटा कथाहरू राखिएका छन्। यस कथासङ्ग्रहभित्रको इङ्लिश रोज शीर्षकको पहिलो कथामा शैयर काउन्टीको एक गाँउसम्म समेटिएर रहेको छ, उसको जिन्दगी। आफ्नो आराम कुर्सीमा बसेर ऊ ती फूल पूरा जीवन आफ्नै आँखाले मजा लिन्छे। वसन्तदेखि पतझडसम्म पूरै यात्रा...हर ऋतुका साथ उसको चेहराको भाव पनि बदलिन्छ। कहिले मुस्कुराहट त कहिले उदासी। अचानक घण्टीको आवाज सुनेर ऊ अचम्म भएर दैलोतिर दौडन्छे। सामुन्ने नीलो आँखा तथा घुस्रो जिङ्ग्रिङ्ङ परेको कपाल भएको बालक खडा छ। एउटा देशी चेहरा देखेर ऊ हडबडायो। फेरि हात अघि सार्दै बोल्यो- आई एम शान। तपाईंको गार्डनमा मेरो बल खसेको छ। के म लिन सक्छु ? भनिएको छ।

अरूणा सब्बरवाल लन्डन निवासी विशिष्ट कथाशिल्पी हुन्। उनका कथाहरूमा समाजले किनारीकृत गरेका पात्रहरूको मनोदशा इमानदारपूर्वक चित्रित भएका छन्। वस्तुतः उनका कथाहरूले पाठकको मनलाई भित्रैदेखि घचघच्याउने गर्छ। मान्छेका कमी कमजोरी, अन्तर्द्वन्द्व, विवशताहरूलाई कथाका पात्रहरूद्वारा सफल उद्घाटन गरिएका छन्।




कथाहरू केवल कोरा कल्पनामात्रै होइनन्, समाजका जिउँदा जाग्दा पात्रहरूले भोगिरहेको जिउँदो व्यथाहरूको सँगालो पनि हो। त्यसैले उनलाई कथाशिल्पी भन्न खोजिएको हो।

'उडान' शीर्षकको कथामा छोराछोरीहरू ठूला भएर आआफ्नो कर्म-व्यवसायमा लागेपछि एक्लो भएका वयस्क महिलाहरूको मनको अन्तर्द्वन्द्वको सजीव चित्रण भएको छ। कथाकी पात्र राधिका आफ्नो सम्पूर्ण जीवनमा भोगेका प्रेमका प्रसंगहरूको याद गर्दै मनोविश्लेषणात्मक द्वन्द्वात्मक परिवेशमा सोह्रवर्षे जवानीको उत्ताप अनुभव गर्दछिन्। तर, समाजको डर पनि हाबी भएको हुन्छ। इङल्यान्डमा बसेर वहीँको सामाजिक परिवेशलाई लिएर लेखिएका कथाहरूमा भारतीय उपमहाद्वीपको समाज र परम्पराहरूले पनि कथाहरूमा स्थान पाएका छन्। समाजमा स्थापित गर्न चाहने महिलाहरूको अवस्थितिलाई चित्रित गरेको छ।

'राकिङ-चेयर' कथामा कथाकारले तृतीय लिंगहरूको सामाजिक स्थिति र उनीहरूको आत्मपीडामाथि प्रकाश पारेकी छन्। पुरूष र महिलाहरूबीच सहज रूपमा विकसित हुने भावनात्मक सम्बन्धको विषयलाई एक चिकित्साकर्मी र रोगीको माध्यमबाट प्रस्फुटन भएको छ 'भने न भनेको' कथामा। हिन्दी भाषामा लेखेका कथाहरूको नेपाली रूपान्तर गर्दै जाँदा लेखकले कथाहरूसँग भावनात्मक सम्बन्ध जोडिएको अनुभव गरेका छन्।

उनका कथाहरूमा नेपाली समाज, अझ नारीको तन र मन, विकृति र बिसङ्गति, सम्बन्धहीन सम्बन्ध, भाव मनोभावहरू सरल र श्लील भाषा शैलीमा प्रस्तुत भएका छन्। उनले हाम्रो समाजमा भएका सामाजिक विकृति, विसंगति र रूढिवादी परम्परालाई बडो राम्रोसंग उन्ने काम गरेकी छिन्। उनले लेखेका कथाहरूले मानिस र समाजका विविध पक्षलाई उजागर गरेको छ। यो कथा पढेपछि कथाका पात्रहरू आँखा अगाडि हुंदै मनभित्र बस्छन्। समाजको दैनिकीभित्रको प्रेम र पीडा अनि मानवीय सम्बन्धका विविध आयाम नै अरूणाको कथालेखनको केन्द्र हो। वर्तमान समयमा कथा लेखनमा अत्याधुनिक सोच र नवीनशैली प्रस्तुत हुने गरेका छन्। यस दृष्टिले हेर्दा अरूणाद्वारा लेखिएका कथाहरू अध्ययन गर्दा शीर्षक, संरचना, विषयवस्तु र प्रस्तुतिमा पनि त्यसको आभाससम्म पाइँदैन।

कुनै कथाको खाका बनाइसकेपछि शब्दमा नउतारून्जेलसम्म कथाकार अरूणालाई एकप्रकारको छटपटी भइरहन्छ। विशेष गरी तिनका पात्रहरूले उनका आँखावरिपरि ओहोर-दोहोर गरेर र अनेक उतार-चढावबाट परिस्थितिहरू गुज्रिएर मनलाई पीडादायी बनाइदिन्छन्। उनी सोच्छीन् जीवन आफूले सोचे, भोगेजस्तो र अरूले देखेजस्तो हुँदैन शायद। जीवनका कतिपय उतार-चढावहरू कही न कहीं मेल खाइरहेका हुन्छन्। तिनै परिभाषित, अपरिभाषित सम्बन्धहरूलाई उनी कतिपय कथाहरूमा केलाउने कोसिस गर्दछिन्।

स्वयं शीर्षकको कथाभित्र रातभरि उसको मस्तिष्क भुइँचालोजस्तै दौडिरह्यो। बडबडाई रही, सुनेकी थिएँ आधा उमेरमा शरीरका गतिविधिहरू मध्यम हुन्छन्, यहाँ त मामला उल्टो चल्दै छ। मानौं, कुनै ऊर्जा प्रदायक गोली खाएकी हो। अब ऊ चिन्तामुक्त थिई। उसले प्रण गरेकी थिई कि अब ऊ रोबोट बनेर जिम्मेदारीहरूलाई वहन गर्ने छैन, परिवारको शोफर बन्ने छैन। जबदेखि आइल आफ बाइटबाट के आएकी थिई, उसले आफ्नो सोचाइलाई नयाँ दिशा प्रदान गरेकी छे। अब ऊ आकाशमा स्वतन्त्र उड़न चाहन्छे।

कथाकार अरूणाका कथाहरूले पाठकको संवेदनालाई जुरमुराइदिएको पाइन्छ। कथाले पाठकको सोचाइमा श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सकेको देखिन्छ। कथाकार अरूणामा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ। यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गति प्रति प्रहार गर्न सक्षम पनि छ। उनका अधिकांश कथाहरूमा चरित्र चित्रणलाई विशेष जोड दिइएको छ। उनको कथा लेख्ने शैली सरल र बोधगम्य छ। उनले कथामा कौतुहलताको प्रयोग निकै सचेततापूर्वक गरेकी छन्। समाजका विभिन्न वर्ग, क्षेत्र, घटना, चरित्र आदिलाई पात्रहरूको उपयुक्त संयोजनबाट राम्रा कथाहरू सिर्जना गर्न उनी सफल छन्। अरूणा साहित्य सिर्जनामा ऊर्जा भएकी नारी हस्ताक्षर हुन्।

यस कथासङ्ग्रहभित्र रहेको अँध्यारोको बीचमा शीर्षकको अन्तिम कथामा रोहन तिमीले आफ्नो स्वीमिङ तथा पी.ई किट राख्यौ ? उसले जवाफमा सिर हल्लाइदियो। निस्कँदानिस्कँदै दस मिनेट अझै लाग्यो। सडकमा बिहानको ट्राफिकलाई कसले जान्दैनथ्यो र। निस्कनमा एक मिनटको ढिलो भयो भने मानौं आधा घण्टा त्यसै खेर गएजस्तो लाग्दछ। स्कुल जाँदा बाटामा तीनवटा सुरूङ पर्छन्। ती सुरूङमा ट्राफिक कम नै हुन्थ्यो। एउटा सुरूङ पार गरेर दोस्रोमा पुग्दा एउटा कार बिग्रिएर राखिरहेको थियो। यसलाई पनि आजै बिग्रिनुपरेको भन्दै उनी बर्बराइन्। बाटो बदल्नुको अतिरिक्त उनीसँग कुनै अर्को विकल्पै थिएन भनिएको छ। तीन दशक स्कूलमा पढाएर सेवा निवृत्त भएपछि कथा लेख्न सुरू गरेकी अरूणा सब्बरवालका कथा हाम्रो घरदेश र परदेशका परिवेशसँग मिल्दाजुल्दा छन्।

# मुक्तक र कोपिलाका प्रयासहरू : देशले शान्ति माँगेको छ



के कुरा गर्नु भोजन छोडेर घाँस चर्नेहरुको
मुटु भरी प्रतिशोध अनि लालच भर्नेहरुको
कुरै गर्न मन छैन एकचिम्टी, एकबुँद पनि
सुनको मृग समात्न नैतिकता झर्नेहरुको।

- गंगा दहाल



आकाश जूनकै हो तापनि सधैं जून उदय हुँदैन
केवल अरूलाई हराएर मात्र तिम्रो विजय हुँदैन
भविष्यको रेखाचित्र जति सच्याउन खोजे पनि
संसारमा मृत्युबाहेक अन्य कुराको कुनै तय हुँदैन।

- लक्ष्मी मुडवरी पण्डित



ती बितेका हरेक रात याद आउँछ
तिमी सँग गरेको बात याद आउँछ
विरानोमा आफुलाई एक्लो पाउँदा,
तिमीले दिएको साथ याद आउँछ।

- नीता गुरूंग भाटिया, असम



आफूभित्रै बनाएको छु आफू पौडनलाई तलाउ
आफै बहन्छु आफै उत्रन्छु भो बिथोल्न नआउ
कोही छैन, हुँदैन आफ्नो केवल आफैमात्रै हो
त्यसैले तिमी अर्काको आडमा फुर्ति नलाउ।

- रिता खतिवडा



तन-मन-धन सबथोकको लगानी परेको हुन्छ
मानौं कि पसिनामै नुहाउने बानी परेको हुन्छ
गधा, गोरू बनिँदै जब बुढेसकाल लाग्न थाल्छ
नतिजा हातमा एकौटा फिकदानी परेको हुन्छ।

- विष्णु आचार्य अतुप्त



बाटो छेउमा फूल फुलेको देखेर
टिपौंझैं लाग्यो भवरा डुलेको देखेर
कहीं कसैको लाग्ने पो हो कि हकदावी
यस्तै लाग्यो, मौरी पनि भुलेको देखेर।

- जेबी खत्री



जिन्दगी एकैनासको हुन्छ र ?
कहिले कोक्रोमा कहिले कात्रोमा बेरिन्छौं
चाहेर आसपासको हुन्छ र ?

- सुमन कडरिया



जीवनको गोरेटोमा
आउने जाने क्रम भएता पानी
नछोड्नु है डोरेटोमा।

- सरस्वती श्रेष्ठ



माया मुटुको किलो बनेपछि
म तिम्रो मायामा कसरी बाँचिरहन सक्छु
आफू नै फँस्ने हिलो बनेपछि।

- श्रीकृष्ण शर्मा



कुर्नुपर्छ रात पनि
दिन र रात हाम्रो वशमा हुँदैन
उड्नलाई वात पनि।

- केशवप्रसाद ढकाल



देशले शान्ति मागेको छ
विवाद हैन सहकार्यमा जुटौं नेपाली
युवामा जोस जागेको छ।

- अमृता रामदाम



धाएको तीजलाई स्वागत छ
नारीसँगै खुसीको रङ्ग भर्दै नजिकिँदै
आएको तीजलाई स्वागत छ।

- शारदा भण्डारी काफ्ले



चेलीको यो चाडलाई खास बनाऔं
पञ्चाङ्गमा महिनै भरी दरखाने दिन लेखिदेउ
चतुर्मास जस्तै तिज मास बनाऔं।

- गणेश लोहनी

*सामग्री संकलन गरेर पठाइदिनु भएकोमा **मित्रहरू**लाई हार्दिक धन्यवाद।*





| | | |
|---|---|---|
| **सम्पादक/प्रकाशक** | | **राजन कार्की** |
| **Editor/Publisher** | | **Rajan Karki** |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | रोशन कार्की |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
**E-mail : rajan2012karki@yahoo.com**
**nepaltod@gmail.com**
**Online : www//nepaltoday.com.np**





# स्वतन्त्रको डोजर अपरेशन

काठमाडौं महानगरको डोजर रोकिएको छैन । यतिबेला कपन क्षेत्रमा डोजर चलिरहेको छ । खोलामाथि घर बनाउने र खोलालाई जमिनमुनी नै धसाउनेहरू कोलाहल गरिरहेका छन् । बालेनले सरकारी जग्गा मिचेर निर्माण गरिएको संरचना भत्काउने काम गरिरहेकै छन् । टिकाटिप्पणी छ, भत्काउने र सरकारी जग्गा संरक्षण गर्ने कार्य ठिक छ, तर निर्माणको योजना खोई ? भत्काएर लामो समय असरल्ला छाडिदिंदा नागरिकले भोग्नुपरेको सास्तीमा पनि ध्यान दिनुपर्छ, कसरी र कस्तो पुनर्संरचना बनाउने देखाउनु पर्छ ।

बालेन अभियानले बाटो मिचेर बनाइएका पर्खाल, टहरा, छाप्रो मात्र होइन, घरै ड्याङड्याङ भत्काउन थाल्यो । राजधानीमा सार्वजनिक जग्गा मिचेर सम्पत्ति बढाउनेहरूको सात्तो गएको छ । एक प्रकारले आतंक नै फैलिएको छ । राजधानीमा स्वतन्त्रको डोजर अपरेशन चल्न थालेपछि ललितपुरदेखि धनगडीका मेयरहरूले पनि अनियमितता गर्नेहरूलाई दण्डित गर्न र सार्वजनिक सम्पत्तिको सुरक्षामा कम्मर कस्न थालेका छन् । यो चासोले देशैभर छुँदै गएको छ । छुनुपर्छ । यही मेसोमा शक्तिशालीहरूको शक्तिको परीक्षण पनि भएको छ । मिचाहलाई कुन दलका, कुन मन्त्रीका कसकसले बचाउन अघि सरेका छन्, देखिएको छ ।

निश्चित रूपमा स्थानीय सरकारका रूपमा रहेका सबै पालिका प्रमुखहरूले विचार गर्नुपर्छ- सार्वजनिक सम्पत्तिको संरक्षण हुनुपर्छ । सडक, पेटी, पार्किङ व्यवस्थित हुनुपर्छ । यसका साथै साना लगानीका रोजगारी गरेर पेट पाल्ने, तरकारी बजार र सडक छेउका नाङ्ले पसल गरेर खानेहरूलाई उचित स्थानको व्यवस्था गर्न अबेर गर्नुहुन्न । यतिमात्र होइन, थोरै जग्गामा घर बनाएर प्राण धान्ने हजारौं जनको इलम र बासको व्यवस्थामा पनि ध्यान दिनुपर्छ । तिनीहरू निसहाय छन्, तिनले कानुन मिचेका छैनन्, तिनलाई पालिकाले, सरकारले संरक्षण दिनुपर्छ । तिनीहरू तत्काल मुद्दा हालेर भोलिपल्टै आदेश ल्याउन सक्ने बर्ग होइनन् । यसरी सुधारमा अग्रसर नेतृत्वले तिनलाई राहत कसरी दिनसकिन्छ भनेर व्यापक बहस चलाएर निदान निकाल्न अबेर गर्नु अन्याय हुनजानेछ । स्थानीय सरकारले स्थानीय व्यवसाय गर्नेलाई उचित बिकल्प दिन नसक्नु पालिकाको असफलता हो ।

देशमा ७ सय ६१ सरकार छन् । संसद छ । संवैधानिक निकायहरू छन् । तिनीहरू सबैको लक्ष्य उद्देश्य भनेको विधिको शासन हो । निमुखाको सहारा हो । राजनीतिक पार्टीहरू छन् तिनीहरू जनताको सेवा गर्नका लागि खडा भएका हुन् । नैतिकता देखाएर ती सबै निकायले न्याय अन्यायको लेखाजोखा गर्नुपर्छ । कसरी अत्याचारीमाथि दण्ड र निमुखाले राहत पाउँछन् भनेर सोच्नुपर्छ । शक्तिशालीलाई छुनै नसक्ने, निमुखामाथि अति गर्ने परम्परागत राजनीति अब बदलिनुपर्छ । जनताप्रति जवाफदेही व्यवस्थाको नाम लोकतन्त्र हो । राजनीति गर्ने र प्रशासन चलाउनेले जवाफदेहीता देखाउनैपर्छ । नैतिक पतनको जुन श्रृङ्खला सार्वजनिक सम्पत्ति मिच्ने र त्यसबाट अकूत सम्पत्ति कमाउने परम्परा बसेको छ, त्यो कडी तोडिनैपर्छ ।

धेरै पहिले डोजर अपरेशन चल्नुपर्थ्यो । पार्टी शासन चलाउनेहरूले आफ्नालाई लुट्ने अवसर दिने, घूस खाएर अनियमित अनुमति दिने, अवैध निर्माणमा आँखा चिम्लिनेजस्ता अपराध पालिकाका कर्मचारीबाट भएका छन् । त्यही अपराधका कारण पनि नियम मिच्ने, कानुन तोड्ने, सार्वजनिक जग्गा हडप्ने, नदीलाई साँघुर्‍याएर सम्पत्ति बढाउने, सरकारी जग्गा अपचलन गर्ने, भूमाफिया सलबलाउने काम भएका छन् । यहाँसम्म कि राजाहरूले त्रिविका नाममा, एकेडेमीका नाममा, प्रधानमन्त्री निवासका नाममा, मन्त्रिक्वार्टरका नाममा दिएका जग्गाहरू व्यक्तिका नाममा दर्ता गराएर बेचबिखन गर्ने कार्यसमेत भएका छन् । यो भनेको माफियातन्त्र हो । यही माफियातन्त्रलाई छिन्नभिन्न पार्ने प्रयासका रूपमा डोजर अपरेशनलाई बुझ्नुपर्छ र यस्ता डोजर अपरेशन अदालतदेखि संसद र सरकारले चलाउने हो भने कानुन मिच्नेहरू खोरमा जानेछन् । सुशासनको झल्का र झल्को देखिने छ ।

अब जनताले चुनावमा आफ्नो मताधिकारको डाजर चलाउनुपर्छ । चुनावपछि असक्षम, गलत भन्ने होइन, चुनावकै बेलामा गलतलाई किनारा लगाइदिनुपर्छ ।

# नेतृत्वमा नीति, नैतिकता र इमानको खडेरी




बहुदलपछिको लोकतान्त्रिक राजनीतिमा समेत नीति, नैतिकता र इमानको खडेरी पर्‍यो । स्वच्छनेता एकजना पनि पाउन मुस्किल छ । जो छन्, भ्रष्टाचारले डामिएका छन्, अनीतिबाट कलंकित छन्, सिद्धान्तप्रतिको निष्ठाबिहीन छन् । स्यालको सिङ खोज्नु र नेतृत्वमा जवाफदेहीता खोज्नु उस्तै उस्तै हो । यस्तो नेतृत्वले हाँकेको राजनीतिमा बेइमानीबाहेक के हुन्छ ?

नेपाली नागरिकलाई भुटानी बनाएर निकासी गर्न पछि परेन । सरकारी जग्गा नक्कली गुठी नै सिर्जना गरेर सुक्रीबिक्री गर्न पछि परेन । टनका टन सुन तस्करी गरेर कमाउन पनि पछि परे । यति भइसकेपछि अन्य भ्रष्टाचार, अनीति, असक्षमता, कुशासनका के कुरा गर्नु र ? राजनीति स्लटर हाउस हो, जहाँ नीति, नैतिकता, आचरण र सिद्धान्तको हरेक क्षण बध भइरहेको छ । अर्थात राजनीति इमानको बधशाला हो ।

अफ्रिका र दक्षिणपूर्वी एसियामा पाइने ज्योकोफोरस जातका भ्यागुतो र नेपालका राजनीतिज्ञहरू भ्रष्टाचार र नैतिकहीन मामिलामा विश्व रेकर्ड नै तोडेर उफ्रनसक्ने प्रमाणित भइसक्यो । हरेक वर्ष प्रकाशित हुने भ्रष्टाचारबिरूद्धको ट्रान्सपरेन्सी इन्टरनेशनल रिपोर्टमा नेपाल लाञ्छित हुँदै आएको छ । ११७औं स्थानबाट अझ तल झर्दैछ । १७ वर्षदेखि नयाँ नेपाल, अग्रगमनकारी नेपाल बनाउँछौं भन्नेहरूले अलिकति पनि लज्जाबोध गरेनन् ।

नेपाली राजनीति अपराधिकरण भएकैले राजनीतिका लागि हरेक सवाल सेटिङ हो, स्वार्थ र परिवारवाद हो । स्वार्थलाभ हो । राष्ट्र र जनता राजनीतिको प्राथमिकतामा नै छैनन् ।

अनुमान गरौं- लाटोकोसेरोले के खाएर बाँच्छ होला अनुमान गरौं । चरा, मुसा खाएर बाँच्ने लाटोकोसेरोमा दाँत हुँदैन । त्यसैले उसले जे खान्छ, सिंगै सुलुत्त सुलुत्त निल्छ । त्यसरी निलेको लाटोकोसेरोले जे खान्छ, १२ घण्टापछि नङ्ग्रा, प्वाँख, भुत्लाजस्ता चिजहरू मुखैबाट ओकल्छ । नेपाली राजनीति पनि स्वार्थ खान्छ र स्वार्थ ओकल्छ ।

राजनीतिको अर्थ उत्तम समाज अर्थात समाज परिवर्तनको साध्य हुनुपर्ने हो । यसकारण राजनीतिलाई सेवा मानिन्छ तर नेपाली राजनीतिमा लागेकाहरू जो ३४ वर्षअघि आएको बहुदल र १७ वर्ष अघि स्थापित लोकतन्त्रलाई यसरी व्यापार बनाएर जे पायो सुलुत्त सुलुत्त निले कि तिनीहरू आज अरवी शेखजसरी सम्पन्नताको जीवन बिताउन थालेका छन् ।

हो, यही कारण कांग्रेज प्रजातन्त्रवादीजस्तो छैन, माओवादी सर्वहाराबादी जस्तो छैन, एमाले उज्यालो छैन, अन्य भुरे टाकुरे पार्टी कराउँछन्, थाक्छन् र थच्चिन्छन् । विधिको शासन चाहिन्छ सबै भन्छन्, सबै कहीं न कहीं, केही न केही लेनदेनमा मुछिएका छन् । व्यक्तिस्वार्थले राजनीति नराम्ररी गिजोलिएको छ । राज्यसञ्जाल बद्नाम छ ।

प्रजातन्त्र जनताका लागि जनताले गर्ने शासनपद्धति रहेन । प्रजातन्त्रका प्रवर्तक मानिएका अब्राहम लिंकनले भनेका गएका थिए- कुशल शासक भविष्यको चिन्ता गर्छन्, राजनीतिज्ञ आगामी चुनावको मात्र चिन्ता गर्छन् । हो, नेपाली गरीव छन्, बुझेका छन् तर बाध्यतावश तिनैलाई चुन्छन् जो जनवादीका नाममा जनघाती छ । पैसा खर्च गरेपछि, शक्तिको दुरूपयोग गरेर र तर्साएर चुनाव जित्नका लागि पैसा चाहिन्छ र हरेक पार्टीले शासन प्रशासनलाई राजनीतिकरणको बन्दी बनाएका छन् । पैसाको र विदेशी ताकतको बलमा । त्यसैले त प्रत्येक राष्ट्रिय संकटमा प्रत्येक पार्टी विदेशवादी बनेका छन् । यहाँसम्म कि सीमा समस्यामा समेत नाकमा नत्थी कसेर मौन रहेका छन् । सीमामा बोलेनन्, अनधिकृत बाँध र डुबानमा पनि बोलेनन् । जसले सीमा र स्वराजको रक्षा गर्न सक्दैन, ऊ कसरी देशभक्त हुनसक्छ ? यथार्थमा लोकतन्त्र स्थापित नेतृत्वका लागि सर्वआहाराबादी बनेको छ ।

यहाँ कुनै दल वा नेतामा जनताप्रति जवाफदेही र सिद्धान्त बाँकी देखिन्न ।

नेपालका सन्दर्भमा आधुनिक डाइनासोर हुन् ठूला पार्टीहरू । संविधान निर्माणका बेलामा जनतासँग सुझाव लिइयो, एउटा सुझाव पनि संविधानमा समावेश गरिएन । १२६ जाति छन् देशमा । १२-१५ जातिले शासन गर्ने संविधान जारी गरेका छन्, कहाँ छ पहिचान ? समावेशीताको नारा यिनै घन्काउँछन् । कुनै जाति जंगलमा गिट्ठा भ्याकुर खाएर बाँचिरहेको छ, अधिकांश जाति गरीबीको रोगले जन्मन्छ र किराफट्याङ्गा मरेझैं मरिरहेका छन् । तिनका लागि सरकार र समानता संविधानले कहाँ दिएको छ ? तिनलाई आफ्नो पहिचान चाहिन्छ कि चाहिन्न ? तिनको मानवाधिकार, राष्ट्राधिकार, सार्वभौमिक अधिकार, बाँचने आधारभूतअधिकारको चिन्ता संविधानले संसदबाट गर्‍यो कि सरकारले सिंहदरवारबाट । गाउँपालिकासम्म पुगेको सिंहदरवार पनि अनियमितता र भ्रष्टाचारकै पोखरीमा आहाल बस्न पुग्यो । अनि लोकतन्त्र सर्वआहाराको अवसर बनेको त स्थापित नेतृत्वका लागि ?

समाजवादी, सर्वहारावादी, बामपन्थी, कांग्रेस, राप्रपा, मधेशवादी, रास्वपा मूल पार्टीहरू हुन् । यी कसैको प्राथमिकतामा आम नागरिक देखिदैन । सर्वहारा अर्थात जोसँग पाखुरीबाहेक अरू केही छैन । प्रजातन्त्रवादी जो खुलासमाज, खुला अर्थतन्त्र चाहन्छ । विधिको शासनमा बिधि प्रधान हुनुपर्छ, केही पनि छैन । नाम लोकतन्त्र, काम बाहुबली । भाग शान्ति जय नेपाल ।

जो जनयुद्धमा पीडित भए, जो जनआन्दोलनमा पीडित भए, पीडित आज पनि न्यायको खोजी गर्दै सडकमा छन् । स्थापित नेतृत्व सडकतिर हेर्दैन, सत्ता र स्वार्थमात्र हेर्छ । यस्तो लोकतन्त्रले न शान्ति ल्यायो, न समृद्धि । मात्र भ्रष्टाचारतन्त्र फलेको छ, फुलेको छ । पन्पिएको छ ।

जो प्रजातन्त्रको बिडा उठाएका थिए, ती पालैपालो सत्तामा गए । जो सर्वहाराका नाइके थिए, तिनीहरू पालैपालो सत्तासीन भए । मुहार चम्किलो बनाए । रोगको उपचारसमेत राज्यकोषबाट खर्च गराए । आफ्ना र परिवार, आफन्तका लागि सात पुस्तालाई पुग्ने सम्पत्ति जोडजाम गरे । स्थिति यतिसम्म देखियो कि अव त केही दिन आराम गर्न सिंगापुर, बैंकक, दुवई जाने र सिंगो परिवार नै बोकेर वाटर वाथ गर्न समेत विदेश हुइँकिएको देखियो । के नेपालमा पानी छैन, के नेपालमा अस्पताल छैन ? अन्य मुलुकका बुद्धिजीवी नेपाललाई स्वर्ग ठान्छन्, हाम्रो नेतृत्व नेपाललाई नर्क बनाउँछन् । सम्पन्न कसरी बनाउने भन्ने त भिजन नै छैन । आफू कसरी सम्पन्न बन्ने, आफन्तलाई मौका दिने, यही चिन्ता र चासो छ नेतृत्वलाई ।

विश्वजगत नेपाललाई स्वर्ग ठान्छ, अर्को स्वीट्जरलेण्ड मान्छ । शान्त हुन र शान्तिका लागि प्रेरणा लिन विश्वमानवहरू नेपाल आउने गर्छन् । यस्तो पवित्र भूमिका नेता कति गैह्रजिम्मेवार भएका ?

इतिहास हेरौं, २००७ सालमा हामीले दिल्ली गुहार्‍यौं, दिल्लीले भारी बोकाएर पठाइदियो । कोशी गण्डकीमात्र गएन, मन्त्रिपरिषदमा भारतका प्रतिनिधि बस्ने व्यवस्थासमेत मान्यौं । नेपालमा भारतीय सैनिक पोस्ट नै स्थापित गरियो । ०१७ सालमा राजाले कू त गरे तर दिल्लीका नचाहिदा, हस्तक्षेपका भारीहरू दिल्ली नै फर्काउने काम गरेकै हो । जतिसुकै कालरात्रि भनिए पनि, राजाले कु गरेको कायकाल भनेपनि विकास र राष्ट्रियताको जग कुनै बेला बलियो थियो भने त्यो ०१७ देखि ०२८ साल सम्मको महेन्द्र काल नै हो । जसको जगमा आजको नेपाल उभिएको छ । सत्य सत्य हो, सत्यलाई गाली गर्नु र सूर्यलाई हत्केलाले छोप्न खोज्ने दुस्साहस उस्तै उस्तै हो ।

०४६ सालमा १० बुँदे भारतीय प्रस्ताव आएकै हो । राजा वीरेन्द्रले त्यसलाई अस्वीकार गरेर जनताका सामु झुक्छु भनेका हुन् । बहुदल त आयो, बहुलायो । १२ वर्षे कूशासन त्यही बहुदलीय कालखण्ड हो । त्यही कालखण्डमा महाकाली, टनकपुरजस्ता अनेक सन्धि भए भारतको हितमा । त्यही समयमा विदेशीलाई नागरिकता सजिलै दिने बिधेयक आयो, राजाले फर्काइदिए । त्यसको प्रतिफल हो दरवार हत्याकाण्ड ।

ज्ञानेन्द्र शाहलाई राजा बनाइयो । उनका सामु फेरि नागरिकता वितरण सरलीकरण गर्ने संशोधन आयो, उनले नामञ्जुर गरिदिए । त्यसैको प्रतिफल राजतन्त्र समाप्त पारियो, हिन्दुराष्ट्रलाई धर्मनिरपेक्ष बनाइयो ।

अहिले सजिलै नागरिकता बितरण गर्ने र विदेशीका सन्तानलाई बंशजका आधारमा नागरिकता दिएर नेपालको संवैधानिक अंगहरूको प्रमुख बन्नसक्ने व्यवस्था गरिएको छ । स्वदेशीले नागरिकता पाउनुपर्छ । तर स्वदेशीका नाममा विदेशीलाई नागरिकता बाँडेर देश कसरी मजबुत हुन्छ र ? यो त फिजीको बाटो होइन र ? फिजीको बाटो अर्थात सार्वभौमिकता लुटाउने मार्ग हो । मुखमा ठेडी कोचेर नाकले पानी खान थालेपछि नेपाल फिजी नभए के हुन्छ ? प्रजातन्त्र, समाजवाद र सर्वहाराको प्रतिनिधित्व गर्छु भन्ने नेताहरू विदेशीको खेताला र लाउके बन्नु कसरी देशभक्ति हो र ?

जनता जनादेशका, जनमतका हतियारमात्र भए । जनताको हक, जनताको निर्णय जनताको पक्षमा कहिले पनि हुनसकेन । ०७९ को चुनावपछि पनि नेतृत्वको स्वार्थी हतियार जनताको गर्धनमै छ । जनता बिद्रोह गर्न सक्दैनन्, बुझेर पनि आन्दोलन गर्न सक्दैनन् । चुनाव आयो कि तिनैलाई भोट दिन्छन् । यसकारण आमनागरिक स्वार्थी नेताहरूका लागि मौकामा काम लाग्ने हतियार र अचानो दुबै बन्ने गरेका छन् ।

देशभक्तहरू जो नेपालीत्वका कुरा गर्छन्, जो सीमा सुरक्षित हुनुपर्छ भन्छन्, जो सबै जातजातिको पहिचानको रक्षा र समानताको वकालत गर्छन्, जो विदेशी हस्तक्षेप रोक्न चट्टान भएर उभिन सक्छन्, तिनीहरू सबै एक हुनुपर्छ । त्यस्ता देशभक्तहरू छन्, बिभाजित छन् । स्वतन्त्र र हरेक पार्टीमा छरिएका छन् । ती सबै एकत्रित, एकजुट हुनुपर्ने बेला यही हो । एक हुन नसकेको खण्डमा नेपालित्व अझै कमजोर भएर हरेक वर्षात्मा खस्किदै खस्किदै पहिरो जाने कृष्णभीर बन्दै समाप्तितिर जानेछ ।

राष्ट्रको यो यथार्थ प्रत्येक नेपाली हुँ भन्नेलाई हेक्का रहोस् ।




# सावधान, ६ प्रकारका हिंसाको सम्भाबना

**केशवप्रसाद चौलागाईं –**

युवा गुरू धीरेन्द्र शास्त्रीजीको नेपाल भ्रमणसँगै हिन्दुराष्ट्र र धार्मिक स्वतन्त्रताको विषय चर्चामा छ । हनुमानका भक्त धीरेन्द्र शास्त्रीले भारतलाई पनि हिन्दुराष्ट्र बनाउने उद्घोष गरेका हुनाले विश्वभरका हिन्दुहरूका माझ लोकप्रिय बन्दै गइरहेका छन् । सेक्युलर राष्ट्रका रूपमा रहेको भारतलाई हिन्दुराष्ट्र बनाइ छाडने उनको अभियान अब नेपाललाई पनि धर्मनिरपेक्ष राष्ट्रको स्थानमा हिन्दुराष्ट्र बनाउने कुराले धार्मिक स्वतन्त्रतालाई निस्तेज त पार्दैन ?

हिन्दुराष्ट्रको रूपमा सवैंधानिक तथा ऐतिहासिक हिसाबले मान्यता पाइरहेको नेपाललाई 'धर्म निरपेक्ष' घोषणा गरेपश्चात यस विषयमा धेरै बहस हुनु स्वभाविकै हो । हिमालहरूद्वारा आच्छादित, विश्वका सम्पूर्ण हिन्दुहरूको आराध्यदेव पशुपतिनाथ, विश्वका हिन्दुहरूको पुजनीय शालग्राम प्राप्त हुने गण्डकी तथा मुक्तिनाथ, माता जानकी, गुरू गोरखनाथ, सुदूरपश्चिमका बडिमालिका, मष्टो देवताहरूद्वारा रक्षित नेपाल आध्यात्मिक परिवेशका कारण हिन्दुराष्ट्रको रूपमा स्वभावैले पुजनीय रहेको देखिन्छ सबै धर्मावलम्बी र संस्कृतिप्रति सम्मान भाव राख्द-राख्दै धर्म निरपेक्ष घोषणा गरिइनु उचित नभएको आमबुझाइ छ । धर्म निरपेक्ष र हाम्रो बुझाइ : धर्म निरपेक्ष घोषणामार्फत धर्मलाई राज्यबाट अलग राख्ने वा धार्मिक स्वतन्त्रताको ग्यारेन्टी गर्ने सिद्धान्तको रूपमा बुझाउन खोजिएको प्रसंगले असी प्रतिशत भन्दा बढिरहेको हिन्दु जगतलाई चित्त बुझाउन सकेको देखिँदैन । धार्मिक सहिष्णुता रहेको मुलुकमा धर्म र राज्यलाई छुट्टाउन किन आवश्यक पऱ्यो ? जवाफ कसैसँग छैन । धार्मिक स्वतन्त्रताकै कुरा गर्दा विश्वका धेरै देशको संविधानमा उल्लेख गरेको पाइन्छ । सेक्युलरलाई धर्म निरपेक्ष अनुवाद गर्नु मूर्खतापूर्ण कार्य हो ।

धार्मिक सहिष्णुता रहेको मुलुकमा धर्म र राज्यलाई छुट्टाउन किन आवश्यक पऱ्यो ? जवाफ कसैसँग पनि छैन । भारतमा अंग्रेजीमा लेखी हिन्दीमा 'पन्थ निरपेक्ष' लेखिएकाले नेपालको संविधानमा धर्म निरपेक्ष लेखिइनु नसुहाउने देखिन्छ । राज्यको कुनै धर्म हुँदैन भन्दै धर्मनिरपेक्ष घोषणालाई धेरै इस्लामिक, क्रिश्चियन, बुद्धिष्ट राष्ट्र अस्तित्वमा रहेको कुराले पुष्टि गर्न सक्दैन ।

नर्वेको संविधानमा उल्लेखित यस प्रावधानले राज्यको धर्म हुन्छ भनाइलाई नै प्रमाणित गर्दछ । अर्थात् इभान्जिलिकल क्रिश्चियन धर्म राज्यको धर्म रहनेछ भनिएकोबाट पनि राज्यको धर्म हुँदो रहेछ भन्ने प्रमाणित हुन्छ ।

१० वर्षे रक्तपातपूर्ण द्वन्द्वबाट भर्खरै नयाँ संविधान निर्माण गरी शान्तिपूर्ण तरिकाले अघि बढिरहेका बेला धार्मिक-जातीय द्वन्द्वमा फस्न पुग्ने अवस्था निश्चय दुःखद् हुनेछ । द्वन्द्व विश्लेषणका हिसाबले अहिले पनि विभिन्न ६ प्रकारको हिंसाको सम्भावना रहेको छ-

(१) धर्म निरपेक्षता विरूद्ध हिन्दुराष्ट्र समर्थकहरूको आन्दोलन र हिंसा । (२) एक मधेस प्रदेश तथा मधेस स्वराज्यका लागि हुनसक्ने आन्दोलन र हिंसा । (३) आत्मनिर्णयको अधिकारसहित किरात, लिम्बुवान, खुम्बुवानका लागि हुनसक्ने आन्दोलन र हिंसा । (४) भारत र चीनबीच आफ्नो प्रभाव बनाउन हुनसक्ने प्रयास र हिंसा (५) तिब्बतको स्वतन्त्रताका लागि पश्चिमा शक्तिराष्ट्रबाट हुनसक्ने गतिविधि र हिंसा (६) धर्म परिवर्तन तथा बाह्‍य हस्तक्षेपको विरूद्ध हुनसक्ने आन्दोलन र हिंसा ।

द्वन्द्वका लक्षण देखापरिरहेको वर्तमान अवस्थालाई निम्न घटनाले पुष्टि गरिरहेका छन् । (क) भारतीय युवा धीरेन्द्र शास्त्रीको नेपाल आगमन र हिन्दुराष्ट्रको चर्चा । (ख) धरानस्थित कृष्ण मन्दिरकै सामुन्ने चर्च निर्माण गरी द्वन्द्व र्चकाउने प्रयास । (ग) धरानमै किरात समुदायले गोरूको मासु खाएर प्रचार गर्ने जातीय द्वन्द्वका लागि उकास्ने कार्य । (घ) एमसीसी र बीआरआईका बीच आपसी प्रतिस्पर्धा । द्वन्द्वहरूलाई समाधान गर्दै सबैले मान्य हुने सिद्धान्तका रूपमा मेलमिलापलाई प्रस्तुत गरिएकाले दिगो शान्ति र समृद्धि सम्भव हुने देखिन्छ ।

स्वराज्य र मेलमिलापः भावी नेपालको आधार । *'आ यद् वामीयचक्षसा मित्रवयं च सुरयः । व्यचिष्ठे बहुपाथ्ये यतेमही स्वराज्ये ॥'* अर्थात् विस्तृत र बहुमतद्वारा जसको पालन हुन्छ त्यस्तो स्वराज्य शासनमा जनताको भलाइमा लागि रहौं भन्ने ऋगवेदको भनाइले प्रजातन्त्र, राष्ट्रियता र समावेशीतालाई सम्बोधन गर्दछ । सबै विचार, धर्म र संस्कृतिका जनताले अपनत्व अनुभव गर्ने स्वराज्यका कारण कसैले पनि अपमानित वा उपेक्षित हुनु पर्दैन । 'यज्ञेन द्विषन्तो मित्रा भवन्ति' अर्थात् यज्ञद्वारा शत्रु पनि मित्र बन्दछन भन्ने नारायण उपनिषद्को वचननुरूप मेलमिलापको वातावरण बन्न गई सहकार्यको प्रारम्भ हुनेछ ।

पौराणिक र आधुनिक शासन व्यावस्थाको ज्ञानद्वारा द्वन्द्वको भावना उत्पन्नै हुन नदिने हुँदा शान्तिका अनुभूति भइरहने छ । अल्पसंख्य र बहुसंख्यक भन्ने भावनानै उत्पन्न नहुने हुँदा छुट्टै धार्मिक स्वतन्त्रताको कुरा औचित्यहीन बन्नेछ । निम्न कार्यक्रमका कारण स्वराज्य र मेलमिलाप स्थानीय सरकारको मार्गचित्र बन्नेछ ।

(१) स्थानीय सरकार : संवैधानिक व्यवस्था र लोकतान्त्रिक अवधारण । (२) न्यायिक समिति र स्थानीय सरकारः मेलमिलापको मार्ग चित्र । (३) स्थानीय तहः कार्यसम्पादन तथा सुशासन । (४) जातीय छुवाछूत उन्मूलनमा धार्मिक क्षेत्रको भूमिका । (५) द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा अध्यात्मिक क्षेत्रको भूमिका । (६) सम्पदा र शान्ति (७) संस्कृति, स्वराज्य र समाजबाट (८) शान्ति, न्याय र मिलापका लागि अन्तर्सांस्कृतिक सहिष्णुता । नागरिक अभियानका रूपमा स्वराज्य र मेलमिलापको सिद्धान्तले कार्य गर्ने हुँदा सबै प्रकारको द्वन्द्वलाई समय अगावै समाधान गर्न सक्षम हुनेछ ।

महात्मा गान्धीका विचारहरू पनि स्वराज्य-मेलमिलाप अभियानका लागि उपयुक्त छन् । 'स्वराज्य थोरै मानिसले सत्ता प्राप्त गर्नु होइन । बरू सत्तामा बस्नेहरूले सत्ता दुरूपयोग गरे भने सारा जनताले त्यसको प्रतिकार गर्ने क्षमता राख्नु पर्दछ । सत्ता कब्जा गर्ने र नियन्त्रण गर्ने क्षमता छ भन्ने ज्ञान जनतामा जगाएर स्वराज्य प्राप्त गर्न सकिन्छ ।'



कमल चौलागाईं

स्वराज्यको रक्षा त्यहाँमात्र हुन सक्छ जहाँ देशको भलाइ मात्र महत्व दिइन्छ । स्वराज्यको अर्थ देशका बहुसंख्यक जनताको शासन हो जहाँको बहुसंख्यक जनता नीति भ्रष्ट हुन्छन् या स्वार्थी हुन्छन् त्यहीँ अराजकताको स्थिति उत्पन्न हुन्छ' भन्ने गान्धीजीको भनाइ आजको हाम्रो अराजक स्थितिलाई बुझाउने देखिन्छ ।

मेरो-हाम्रो सपनाको स्वराज्यमा जातीय धर्मका आधारमा भेदभाव गरिइने छैन, न त त्यहाँ शिक्षित, धनवानका लागि एकाधिपत्य नै हुनेछ । त्यो स्वराज्य सबैका लागि सबैको कल्याणका लागि हुनेछ ।

सर्वोच्च अदालतबाट २०७७ चैत ८ गते भएको आदेशबाट धर्म निरपेक्ष र धार्मिक स्वतन्त्रताको विषयमा स्पष्ट हुन सकिन्छ । संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रताको हकबारे उल्लेख गर्दै धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आस्था अनुसारको धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने कुरा प्रत्याभूत गरिएकोबाट सनातन धर्म संस्कृतिको 'अवलम्बन, अभ्यास र संरक्षण' गर्ने कार्यलाई पनि धार्मिक स्वतन्त्रताकै एक पक्षको रूपमा लिन सकिनेछ ।

धर्मजस्तो सवेदनशील विषयमा सांसद, बुद्धिजीवी, जनताले बृहत् बहस गर्दै धार्मिक द्वन्द्व हुनबाट बचाऔं ।

# महिला अधिकार, सदुपयोग भएन



देवी काफ्ले

समय फेरियो । ब्यवस्था फेरियो । नारा फेरिए । नेतृत्व फेरियो । धेरै कुरा फेरिए । वाक स्वतन्त्रता झन बढी भयो । सबैको अधिकारका लागि बोल्न मुख खुल्यो । महिलाहरूका हकहितमा आमूल परिवर्तन भयो ।

महिलाहरू घरका काम सँगसँगै बाहिर रोजगारमा लागेका छन् । कोही बैदेशिक रोजगारमा छन् । महिला सहभागी नभएका सायदै कुनै कार्यालय होलान् । सेना र प्रहरीमा समेत उल्लेख्य मात्रामा महिला सहभागी छन् । निजी बैंकहरू त महिलाबाटै लगभग चलेका छन् । समाज पनि महिलाले गरेका काम प्रति गौरव गरेको छ । महिलालाइ राजनैतिक क्षेत्रमा, प्रशासनिक क्षेत्रमा लाग्न पुरूषहरूले होष्टेमा हैंसे गर्दै साथ दिईरहेका छन् । हिमाल आरोहण गरेका छन् । डाक्टर बनेका छन् । पाइलट बनेर जहाज उडाएका छन् । साहित्यमा उस्तै जमेका छन् । प्राध्यापनमा महिला समावेश छन् । राजनैतिक नेतृत्व गरिरहेका छन् । महिला अगाडि बढेका छन् । महिला कानूनी सेवामा छन् । महिला सभामुख, प्रधान न्यायाधीशमात्र होइन, राष्ट्रपति पनि बन्न भ्याए । महिला अधिकारका सम्बन्धमा यो छलाङ् हो ।

अब विश्वका महिलाको कुरा के गर्नु ? हाम्रै देशमा भएका आमूल परिवर्तन हेरे पुग्छ । कहाँ कुन ठाउँमा अवसर पाएनन् महिलाले ? पुरूषहरूको पनि महिला शसक्तिकरणमा उतिनै भूमिका छ, जति महिलाको छ । तैपनि चाहेजति महिलाका लागि अवसर अझै कम छ । अबसरको सुनिश्चतता जरूरी देखिन्छ ।

समाजमा महिलामाथि हिंसा भइरहेकै छ । आज हामी कहाँनेर चुक्यौं ? प्रत्येक पाइलामा साथ हुँदाहुँदै पनि महिलालाई हेर्ने दृष्टीमा परिवर्तन आउन सकेन । अझै महिलालाई पुरूषको यौन प्यास बुझाउने साधनको रूपमा मात्रै किन हेरिन्छ ? पुरूषहरू महिलालाई अझै पनि आफुभन्दा कमजोर ठान्छन् ।

कतिपय घटनाक्रमले महिलाले पुरूषमाथि पनि हिंसा बढाएका छन् । महिला हिंसाको कुरा उठाइरहदा, पुरूषमाथि पनि भएका हिंसाको कुरा उठाउनुपर्छ । हिंसा हिंसा हुन्छ, अपराध अपराध हुन्छ । पुरूष वा महिला दुबैथरिले हिंसा गर्नुहुन्न । हरेक दिन अदालतमा पर्ने सयौं पारपाचुकेका मुद्दा, पुरूष र महिला हिंसाका मुद्दा, संरक्षण चाहियो भन्ने खालका मुद्दाको चाङले भन्छ- दोष दुबैतिर बढ्न थालेका छन् । समाजमा पश्चिमा शैलीका महिला, पुरूष हिंसाका वारदात बढेका छन् ।

आज वर्गसंघर्षको लडाइँ लड्ने बेला महिलाहरू माथि, पुरूषहरूमाथि भएका उत्पिडनको बिषयमा बोलिरहनु परेको छ । सबैभन्दा धेरै त बलात्कारको बिषय उठान गर्नुपरेको छ । हाम्रा बाउबाजेका पालामा १४/१५ बर्षमै बिवाह हुन्थ्यो चलन नै त्यस्तै थियो । रजश्वला हुनु अगाडि कन्यादान गर्यो भने महापून्य कमाइन्छ भन्ने धारणा ब्याप्त थियो । त्यो राज्यलाई स्विकार थियो । अहिले कानून अनुसार २० बर्ष नहुदै बिवाह गर्यो अपराध मानेको छ । १८ बर्ष मुनिलाई नाबालिक तोकेको छ ।


यहाँ धेरै प्रश्नको वर्षा किशोरीमाथि गरिएको छ । किन उसको सामिप्य गई ? किन उससंग डेटिङ गई ? अनि होटलमा बलात्कार हुंदासम्म किन बसी ? होटल किन गई ? यहाँ प्रश्न एउटा पनि गरिएको छैन कि केटीसंग सामिप्यतामा हुनासाथ शारीरिक सम्बन्ध किन बनाउने ? अनि उमेर पुगेका मूर्धन्य पुरूषहरूले रक्षा गर्ने कि लुट्ने ? के उनिहरूको दायित्व छैन महिला इज्जतको रक्षा गर्ने ?

समाजमा घरेलु हिंसा र बलात्कारका घटना बढेका छन् । महिला र पुरूषवीचका सम्बन्धमा तनाव आउन थालेका छन् । सहअस्तित्वका कुरा कुरामा सिमति छन् । महिला र पुरूष दुबैको समाजप्रति दायित्व छ भन्ने भुल्न थालेका छन् । आफ्नो स्वतन्त्रता र स्वच्छन्दताका विषयलाई महत्व दिन थालेका छन् । जसका कारण हिंसा र बलात्कारका घटनामा बढोत्तरी भइरहनु डरलाग्दो विषय हुन् ।

# मोतीराम जयन्ति र कुशे औंशीका कुरा

*नमामि ईश्वरं बन्दे नमामि जनकं यथा नमामि जननिं पुज्यं नमामि शिक्षकं तथा । अर्थ-*

*पहिलो ढोक ईश्वर,दोस्रो ढोक बुबालाई तेस्रोढोक आमालाई र अन्तिम ढोक शिक्षकलाई ।*




मोतिराम जयन्ति तथा बुबाको मुख हेर्ने दिनको छुट्टै महत्व छ । हिन्दू वैदिक परम्परा अनुसार भाद्र कृष्ण औंसीलाई कुशे औंसी वा बुवाको मुखहेर्ने दिन भनिन्छ । यसको अर्को नाम गोकर्ण औंसी पनि हो । यस दिनको पहिलो काम कुशलाई घर ल्याउनु हो । नयाँ कुश नभएसम्म कुश प्रयोगमा आउने सबै कर्महरू प्रारम्भ गरिँदैन । यसदिन काटिएको वा उखेलिएको कुशको मान्यता १ वर्षसम्म रहन्छ ।

कुश के हो ? यसको उत्पत्ति कसरी भयो ? कसरी घरमा ल्याईन्छ र के-के काममा प्रयोग गरिन्छ भन्ने जस्ता विषयमा सामान्य जानकारी हुनु राम्रो मानिन्छ । कुश बाहिरी आँखाको हेराइमा खर (उर्लुक) वा शिरूजस्तै एक प्रकारको घाँस हो । तर आध्यात्मिक दृष्टिबाट यो पवित्रतम् वस्तु हो । यो तराईभागमा प्रसस्त पाईन्छ भने पहाडी भागमा कम मात्रामा पाईन्छ ।

वराहरूपी विष्णुले पृथ्वीको उद्दार गरेपछि यज्ञबराहको रूपमा प्रार्थना गर्दा रौं लाई नै कुशको रूपमा मानेको विश्वास छ भने कतै विष्णुले समुन्द्र मन्थन गर्दा कुशको उत्पत्ति भएको हो भन्ने धारणा पनि रहेको पाँन्छ । यस्तै वृन्दाको श्राप पुरा गर्न भागवान बिष्णुले कुशको रूप धारण गर्नु भएको व्यहोरा श्री स्वस्थानी ब्रतकथा प्रसङ्गमा पाइन्छ ।

अर्को प्रसङ्गमा बिरन्तीना सहोत्पन्न मन्त्रअनुसार सृष्टिकर्ता ब्रह्माजीका साथसाथै कुशको पनि उत्पत्ति भयो भन्ने मान्यता छ । यसरी अलौकिक शक्तिद्वारानै कुशको उत्पत्ति भएको हो भन्ने कुरा रूपमा बुझ्न सकिन्छ ।

कुश घरमा ल्याउने यस पवित्र दिनमा सबेरै उठी, स्नानआदि कर्म सम्पन्न गरी सुद्ध, सफा सेतो वस्त्र लगाई कुश भएको ठाउँमा गई 'ॐ' मन्त्र उच्चारण गर्दै कुशलाई स्पर्श गर्ने र सँगै लगेको जौ, तिल, चन्दनले पुजा गर्दै यस मन्त्रले प्रार्थना गर्ने चलन छ ।

*बिरन्तीना सहोत्पन्न परमेष्ठिनीसर्जन ।*

*नुद सर्वाणि पापानि दर्भ ! स्वस्तिकरो भव ।*

कुश उखेल्ने वा काट्ने प्रसङ्गमा फरक-फरक बुझाइ रहेको पाइन्छ । नित्यकर्म-पूजाप्रकाश भन्ने पुस्तकको कुशोत्पाटन-विधि (पेज ४३) मा कुश उखेल्ने विधिलाई स्पष्ट पारेको छ । पितृकार्यका लागि जरै सँगको कुश चाहिने हुँदा यसका लागि कुश उखेल्नु नै श्रेय हुन्छ । कसैले यस्तो कुश पितृ कार्यकै दिनमा उखेली प्रयोग गरेको पाईएको र धेरैले कुशे औंशीका दिन जरै सहित उखेलेको कुश प्रयोग गर्ने गरेको पाइन्छ । कतैकतै फेदैदेखि काटिएको कुशलाई पनि प्रयोगमा ल्याएको पाइन्छ । श्राद्धको पिण्डपूजा गर्ने क्रममा शुद्ध माटो माथि जरा सहितको कुश, त्यसमाथि पातमा पिण्ड राखी पुजा गर्ने चलन छ । कुश पितृतिर्थ (बुढीऔंला र चोर औंलाको बिच)बाट उखेल्नु पर्छ । यसलाई व्यवहारिक उदाहरणको रूपमा मकैको बोट उखेल्दा झैं गरी उखेल्ने भनेर बुझ्न सकिन्छ । यसरी उखेल्दा 'हुँ फट्' भन्ने मन्त्र उच्चारण गर्ने चलन पनि रहेको पाईन्छ ।

कुशलाई काटेर प्रयोग गर्ने सन्दर्भमा साह्रो माटो, जरै सहित उखेल्न खोज्दा पनि चुँडिने, उखेलिएको खण्डमा अर्को वर्ष कुश उत्पादन कम हुने, उखेल्दा हात काटिन सक्ने तथा एकै झड्कामा उखेल्नु आँफैमा कठिन काम भएर नै प्रार्थना गर्दै हतियार (आसी) लगाई काट्न जान्छौ यो बर्ष एक महिना अधिक मास भएको हुनाले हल्का औंशि पछि पडेको छ ।


## आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाईटिस

हाल नेपालका विभिन्न जिल्लाहरूमा भाईरल कन्जंक्टिभाईटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सतर्क रहौं ।

### लक्षणहरू

- आँखा रातो हुने र चिलाउने ।
- आँखाबाट आँसु बगिरहने वा कचेरा / चिप्रा लाग्ने ।
- आँखाको ढकनी रातो हुने, सुन्निने ।
- आँखा बिझाउने / दुख्ने ।
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने ।



### रोकथामका उपायहरू

भाईरल कन्जंक्टिभाईटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका निम्न उपायहरू अपनाएर आँखा पाक्ने रोगबाट बचौं ।

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रूमाल, सिरानी, तन्ना प्रयोग नगर्ने ।
- जथाभावी आँखा नछुने । आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

भाइरल कन्जंक्टिभाईटिस भइहाले आत्तिनु पर्दैन । यो रोग १ देखि २ हप्तामा आफै निको हुन्छ । स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं ।

# Nepal : Summary failure of India's Neighborhood First Policy

*" Let us be grateful to the mirror for revealing to us our appearance only."*
*-Samuel Butler.*

---

*N. P. Upadhyaya (Aryal)*

*Biratnagar: The Hungary born American national 'George Soros' must not be a new name for those who keep an eye on the Indian politics under the Bharatiya Janta Party ( BJP) now controlled by Indian Prime Minister Modi.*

*It is not that Soros loves India but instead he is hell bent on India and now prefers to damage the political credentials of Indian PM Modi whose unwarranted linkages with Adani Group ( Gautam Adani) is what has been killing India financially-economically.*

*Soros wishes good for India but is against the secret linkages of PM Modi with Gautam Adani.*

*The American investor Billionaire George Soros came to prominence in this part of the world when he, (Soros), made some lengthy but shooting comments on Indian Prime Minister Modi and his notorious cabal of Indian businessmen like, for example, Gautam Adani revealing that PM Modi's undesirable financial nexus with Adani may, time permitting, immensely harm the Indian nation and its nationals.*

*The disclosure made this January this year became the largest economic scandals in the history of modern India, The Adani group, a massive conglomerate with interests in everything from airports to television stations, was accused of brazen stock manipulation", writes Anand Mangnale, Ravi Nair, and NBR Arcadio, 31 August, 2023.*

*Soros confirmed that PM Modi and Gautam Adani have close intimacy and that Adani exploits his connections with PM Modi beginning Gujrat days.*

*Both PM Modi and Adani hail from Gujrat. This perhaps explains Modi-Adani bond.*

*Soros, to recall, had accused Prime Minister Narendra Modi of crony capitalism after claiming that the latter has a good relationship with Indian businessman Gautam Adani."*

*More so, he is dead against the type of nationalist like PM Modi who prefers to turn entire India on Hindutva lines.*

*India currently is a secular State.*

*Soros in his early days in Hungary was so terrified of Adolph Hitler's terror at time of the Second World War that the innocent Soros decided to flee to America and since then he is in America.*

*It is perhaps this inner pain fleeing from his native country, George Soros appears having some sort of distaste against Radical nationalism.*

*Soros claims that the "biggest and most frightening setback" was in India, as he, as stated earlier, accused Prime Minister Narendra Modi of "creating a Hindu nationalist state."*

*Most strikingly, Modi, as is the rumor, wants to turn neighboring Nepal to restore its previous Hindu identity.*

*This does mean that Soros is against creating India as a Hindu state from a secular one.*

*In a way, Soros appears against the Hindu and the Hindu religion¿ Or else why he is against Hindu state¿*

*However, it could be that Soros may not have an issue with Hindu and Hinduism but instead he is against the Radicalization of the religion. Needless to say, Soros also have abundant information on PM Modi that the latter is highly Islamophobic and that his hatred against the minority Muslims is no longer a secret.*

*While making a meaningful speech ahead of Munich Security Conference, Germany, early February this year, George Soros even told the gathering in Munich that "Modi and business magnate Adani are close allies. Their fate is intertwined," Soros had observed. Soros made these allegations while talking at the Technical University of Munich (TUM) in Germany.*

*More scathing remarks Soros made on PM Modi wherein he stated that the Indian Prime Minister of being complicit in the supposed 'misdealing' of the Adani Group.*

*Soros added, "Modi is silent on the subject, but he will have to answer questions from foreign investors and in Indian parliament."*

*I expect a democratic revival in India…I could be foolish, but I think democracy will flourish again", is what Soros predicted on India.*

*Is he hinting Rahul Gandhi's surprising victory in the approaching election¿*

*Sources say that Rahul Gandhi during his fresh trip to the US may have met George Soros¿ However, this news is yet to be substantiated.*

*Soros perchance also is in the knowledge of how the Indian Prime Minister pressurized the Sri Lankan President Ranil Wikremsinghe to award power-energy projects to Gautam Adani in Sri Lanka.*

*By the same token, Soros must have copious information about PM Modi's storming of the internal affairs of the Archipelago , the Maldives, on how the Maldivian internal politics is being unduly influenced by PM Modi¿*

*To recall, the Maldivians at times come out in the streets of Male shouting slogans "Indian Military Go Out" and the likes.*

*If so, let's presume that Billionaire George Soros also knows the details of how the North Eastern States of India, Manipur, Tripura, Nagaland, Assam were burning for long and PM Modi was deliberately absent from India and left for a foreign tour to France and earlier to the United States.*

*To the extent that two Manipuri women were paraded naked in the streets of Imphal and neither PM Modi nor his administration in Delhi spoke on the issue that attracted the international attention.*

*Albeit, the French people protested the violence in India while PM Modi was in Paris finalizing Rafael deals with President Emanuel Macron.*

*The negative reverberations of Manipur violence approached Haryana-close to New Delhi which saw untold sufferings of the minority Muslims in the Haryana streets itself.*

*Hindu supremacist's groups instructed the local businessmen to dismiss from jobs the Muslims they may have employed in their business enterprises, so wrote the Swedish Professor Ashok Swain a fortnight ago.*

*If it is so then let's just guess as to how many times PM Modi may have threatened India elevated Nepali leaders' to award Hydropower projects to Indians and the Indian companies¿*

*The fact is that the entire water resources of Nepal have already been forcefully captured by Indian companies. Even some projects that were legally awarded to Chinese firms were cancelled only to be awarded to the Indian enterprises.*

*It is apparently this reason that China is not happy with the current Nepali leadership.*

*Indian pressure politics on Nepal has remained as a constant in Nepal-India bilateral relations since the next day of Indian independence gained in 1947.*

*Now back to point:*

*International media outlets provide fresh indications that the US billionaire George Soros is soon to explode on PM Modi and the entire Indian regime once again.*

*However, when is that opportune moment nobody knows so far¿*

*"The exclusive documents obtained by the OCCRP and shared with The Guardian and Financial Times-including files from multiple tax havens , bank records, and internal Adani Group emails – shed light on that very matter", add the writers of the story Ananda Mangnale, Ravi Nair and the NBR Arcadia.*

*George Soros is clearly hunting PM Modi as his lieutenants ambushed upon him when he first exposed some of PM Modi's tacit linkages with Gautam Adani early January this year, it is this perhaps animosity/vengeance of sorts that encouraged Soros to dig some more other facts that may have remained yet hidden from the Indian nationals across India.*

*Minister Smriti Irani and Indian Foreign Minister S. Jay Shankar were the ones (the yes men of PM Modi in his cabinet) who have had left no stone unturned to condemn Soros for his grand revelation made earlier.*

*This just explains as to how facts pinch¿*

*In addition to these high flying Indian ministers, the entire ruling Party's IT cell designed to save and PM Modi singularly hurled all possible bad names for the US investor Soros which is on record.*

*The Economic Times report:*

*Hardly had the Indian regime ended its celebrations for its being the "first nation to land in the south polar region of the moon-an event that has made the entire South Asians proud, a bombshell is likely to rock the Indian nation soon more so which is expected to expose further Prime Minister Modi and his regime with the publication of a fresh news report titled 'Hindenberg 2. 0¿*

*Indian media indict that the "Organized Crime and Corruption Reporting Project ( OCCRP)-an investigating enterprise apparently backed by George Soros is planning or say preparing to make yet another powerful disclosure on PM Modi and his undeclared highly suspected deeds.*

*An August 25, 2023, Economic Times report elaborates on the yet to be revealed stuff on a well known Indian corporate Group says that "the organized Crime and Corruption Reporting Project (OCCRP), a global network of investigative journalists, backed by billionaire investor George Soros among others, are in the final stages of releasing an investigative report on a well-known Indian corporate group".*

*It was the Press Trust of India (PTI) a widely acclaimed media agency of India which almost broke the news first. In Nepal, the OCCRP grand exposure on India that is expected soon is eagerly awaited. That's all. @telegraphnepal*




# Smash And Grab

*By Sunanda Datta Ray*

Contd.... CHAPTER 7

But the most remarkable feature of the exercise was Kazi's willingness to make common cause with his opponent. This was an inherent flaw in Sikkim's embryonic politics. Party differences usually dissolved once the results were announced. Individual and group commitments were easily forgotten in the scramble for places in the executive council. Those who were nominated to it at once became the government, irrespective of the platforms on which they had been elected. Those who were left out also readily suppressed their avowed beliefs and functioned together as the opposition.

The Chogyal should have seen the wisdom of conceding at least some points of the petition. Kazi's amour-propre would have been assuaged. His wife would have felt less neglected. Netuk Tsering's loyalty would have been confirmed. There was an even more important gain to be reaped. Once the SNC was seen to be cooperating with the National, Party in a government that was obviously loyal to the throne, it would lose many of its extremist Nepalese supporters and Kazi would have been compelled to shed his radical demagoguery and adopt more realistic policies. The induction of a full-fledged ministry might even have cleared misunderstanding between palace and politicians and, by strengthening the government, improved the Chogyal's bargaining position in New Delhi. Tactics apart, Sikkimese politicians, most of them bumbling amateurs, needed training in administration. Kazi told me at the
time that he was prepared to serve under his lifelong rival. But India House did not want a reconciliation or a government that supported the durbar's position. It was easily able to play upon the palace's permanent and unreasoning aversion to ambitious politicians. The Chogyal continued to pick and choose executive councillors. "We seem to manage quite well with coalition governments," was his laconic explanation.

But they were neither coalitions nor governments. They were self-seeking individuals bound only by temporary interest and kept under the firm discipline of the dewan and PO. They constituted the government.
Rebuffed, Kazi hit back when the ""entire council voted for the deletion of Clause 15(ii) of the 1953 Proclamation which forbade discussion of "the external relations of the state, including relations with the government of India and any commitments entered into by the Maharaja with the government of India". Martam Top denmoved the motion and the four executive councillors Nahakul Pradhan and Kalu Rai of the State Congress and Ashoke Tsering and Harka Bahadur Basnet of the- National Party—endorsed it. Only Kazi argued that it was not in the public interest to enhance the throne's authority and that ordinary Sikkimese would be crushed out of existence if India's protection'were diluted. Independence, he said, would only benefit the palace. In private, Kazi explained that he was opposed only to piecemeal amendment. He would support the deletion of Clause 15 (ii) if the Chogyal agreed to revise other passages relating to the distribution of powers.
But the PO was delighted. Kazi's objection allowed him to claim that the people did not want independence; the council had only obeyed the durbar's bidding. For Clause 15(ii) was India's safety-valve. It protected New Delhi's archaic rights, concealed the extent of actual control from public view, and prevented elected representatives from expressing any opinion on a vital aspect of their country's affairs. The PO also told reporters that the Chogyal was drumming up a public campaign without once having made a formal approach to New Delhi.
This was not true for a new relationship was hinted at in March 1965 when the Chogyal paid his first visit to New Delhi after ascending the throne. The occasion was marred by a minor faux pas. The Chogyal and Gyalrno were state guests and protocol demanded that the Sikkimese flag should fly beside the president's standard on Rashtrapati Bhavan. But the presidential ADC would not accept the flag from the Chogyal's aide, saying he had received no orders. Indian officials later apologized for the incident and made adequate amends
But the talks with Lal Bahadur Shastri were cordial enough. The prime minister made no promises, though he listened patiently and did not accuse Gangtok of flirting with Beijing as others did when
ever adjustments were mooted. Emboldened, the Chogyal let it be known that he had discussed "minor administrative problems" with India's leaders. No details were disclosed, but three weeks later, the Chogyal told a journalist that he had asked Shastri to consider Sikkim's views on "administrative, arrangements".

Other feelers followed. "We have mentioned this matter to the external affairs ministry in Delhi verbally," the Chogyal admitted on 4 February 1966 when asked if he intended to seek revision of the treaty. "We fully appreciate India's vital interests in Sikkim." He seemed also to suggest that "some changes", not necessarily complete sovereignty, had to come about, adding that the durbar would continue to employ Indian dewans "until a properly qualified person from Sikkim was available for the job".
In June, however, Hope published an article on the Sikkimese theory of landholdings and the Darjeeling grant in the Namgyal Institute of Tibetology's bulletin. It created a furore for the author disputed the legality of India's possession. She argued that no Sikkimese monarch was empowered to alienate territory. Tsugphud Namgyal's gift to the Company was "in the traditional context of a grant for usufructage only, ultimate jurisdiction, authority and the right to resume the land being implicitly retained". All owners, she maintained, were only tenants in a system of centralized indivisible landholding which did not permit transfer in perpetuity. Echoing Sirdar D.K. Sen's memorandum, the Gyalmo claimed that Darjeelings cession was the "gift of a certain tract for a certain purpose and does not imply the transfer of sovereign rights".

Shastri was dead by then, and Mrs Gandhi, who had succeeded him, assured Parliament that "there has been no demand from any responsible quarter in Sikkim laying claim over the Darjeeling district." But India's private reaction was so strong that the Chogyal had to dismiss his wife's theories as a "purely academic exercise", adding: "My government is quite competent to handle any matter concerning the rights and well-being of my country and my people ... without resorting to the assistance of an academic body like the Namgyal Institute or its bulletin." Contd....

# नेपाल शान्तिका लागि स्वर्ग हो



डा. शास्त्रदत्त पन्त

छन्त्यालहरूले खानी, टनेल र ढुङ्गा उद्योगलाई आधुनिकीकरण गरेर विश्वमा प्रतिष्ठा मात्र कमाउने थिएनन् बल्कि ढुंगाका ईटा निर्यात गरेर सुनका इटा भित्र्याउने थिए। मगरहरूमा विद्यमान अपार सीप, लगनशीलता र मिहिनेतले नेपाली घरेलु हस्तकलाले विश्व बजार ढाक्ने थियो। त्यस्तै हुने थियो गुरूङ, राई, लिम्बु, तामाङ आदि जाती जनजातीको अवस्था।

अझै यस दुर्घटनाबाट उम्किन एउटा उपाय बाँकि छ। त्यो हो "व्यवस्थित वस्ती मोडेल" लागू गर्ने। त्यस पद्धतिले विद्यमान जात जाती, दलित, जनजाती, लैङ्गिक लगायत सम्पूर्ण नागरिकको अशिक्षा (अचेतनता) गरिवी, बेरोजगार, प्रकोपहरू, सुकुमबासी समस्या लगायत राष्ट्रका अरू समस्या समेतलाई एकै साथ समाधान गर्दछ। यो सर्बाङ्गिण विकास पद्धतिबाट तथा मौलिक पौरस्थ्य वैदिक साम्यबादी शासनपद्धतिबाट एक जना पनि अशिक्षित, बेरोजगार र गरीव हुने थिएन। फेरि यस शासन पद्धतिमा कोही पनि खर्बपति र शोषक पनि हुने थिएन।

आयातित विवेकहीन भौतिक उपभोक्तावादी इसायियत संस्कारले अन्धाधुन्ध तरिकाले खेती योग्य जमिनमा प्रदूषित शहरहरू बनाएको छ। वन विनाश गरेर पर्यावरण र वातावरणको विनाश गरेको छ। ज्यादै अव्यवस्थित र अस्तव्यस्तता बढिरहेका छन्। देश घातक र खतरनाकजनक अबस्थामा छ। सुरूदेखि लिइएको सावधानी पनि सन १९९० पछिको राजनीतिले बुङ्गै बनाइदिएको छ। श्री ५ पृथ्वीनारायण शाहले लिइबक्सेको नीतिलाई अवलम्बन सम्म पनि गरिएन। फलतः गाउँ पनि भताभुङ्ग छन्, शहर पनि लथालिंङ्ग छन्।

नेपालको वर्ण जातजाती उपजाती जनजाती आदि उनीहरूको कामका आधारमा नामाङ्कन भएको हो, धर्म या हिन्दुधर्मका आधारमा होइन। पश्चिमाको प्रभावले गर्दा जातजाती विशेषको पेशा, संस्कार संस्कृति लवाइखवाई, पहिरन, वेशभूषा लोप हुँदै गइरहेका छन्। तिनको शीप संरक्षण, उत्पादन र बिक्रीवितरण केन्द्रहरू ठाउँठाउँमा हुनु पर्दछ। नेपाली कागज, बुटे नली, काँसको भाँडा, मादल, माटाका भाँडा, खुकुरी, चक्कु, कर्द, स्याई, चुलेसी, चिलिम, डोका, थुन्से, डाला-डाली, ढकिया, नाङ्ला, दाम्ला, लोहोरो-सिलौटो, भित्ते चित्र जस्ता हजारौं हस्तकलाहरू पीढि शिक्षाबाट निरन्तर संरक्षण, प्रोत्साहन पाउनु पर्दछ। उत्पादन सहज निर्यात हुने व्यवस्था हुनुपर्दछ। झोलुङ्गेपुल, सिन्की-गुन्द्रक, काठे साँगु, फड्के जस्ता प्रविधिको संरक्षण र निरन्तर विकास हुनु पर्दछ, इन्जिनियरिङ्गको पढाइको विषय बन्नुपर्छ। तिनलाई गुणस्तरयुक्त बनाइनुपर्दछ। सजातीय असल र आकर्षक परम्परा कायम राख्न प्रोत्साहन दिइनुपर्दछ। यसलाई बढाउन आवश्यक नीति सहुलियत् र प्रोत्साहनमात्र होइन अझ सरकारी निकायबाट खरीद पनि गरिदिनु पर्दछ। चिट्टा हालेर सस्तो मोलमा विश्वभर फिजारिनु पर्दछ।

नेपाल पौरस्थ्य सभ्यताको उद्गम स्थाल मात्र हैन जीवन उपयोगी ज्ञान शीप र प्रविधिको पनि उद्गम स्थल हो। यस प्रविधिमा जीवन सन्चालनमा चाहिने सर्वाङ्गीण संयोजन छ। उत्पादनमूलक दही मही मह घिउमा पनि प्रविधि छ। निर्माणमूलक पूल बाटो, घर, वास्तुकलामा प्रविधि छ। उपचारात्मक आयुर्वेद र निरोधात्मक स्वास्थ्य प्रविधि छ। जडिबुटी र प्राकृतिक उपचारमा अनन्तता छ। शिक्षाको बिस्तार यति माथि छ कि एक जना पनि जात, लिंग, पेशा, स्थानको भेदभावबाट बञ्चित हुन परोस्। देशमा यस्ता व्यवशाय ३५०० मद्धे कुनै एक शीप सहित निपुण बन्न सक्दछ। कला, चित्रकला, संगीत र बाद्यवादन, योग, रोग निरोधक ज्ञानशीप घरघरै सबैलाई रोजिरोजि पुग्छ। पाकशास्त्र कला, आहार शीप कला, नित्यकर्मकला, अन्तरजीवीय सामाजिक शीप विश्वमै अझै पन्पनै सकेको छैन। त्यस्तै न्याय शीप, नैतिक आदर्शका शीप बिलाई सकेका छन्। कर र आय श्रोत शीप धर्म र दर्शन बाहिर लुटका रूपमा छन्। वैदिक साम्यबादी शासन व्यवस्था, आदर्श राजनीतिक, प्रशासनिक र आर्थिक पद्धतिका बिच तालमेल छैन। वास्तवमा पौरस्थ्य वैदिक साम्यबादी शासनको उद्देश्य समाजलाई शान्तीमय र सुख आनन्दमय बनाउनु हो।

भूगोल श्रोत : मन्दिरैमन्दिरको देश भनेर पर्यटकले गर्ने गरेको परिभाषा अब सागुरो र पुरानो भै सकेको छ। अब यो अन्य धेरै बस्तुसहित कुण्ड र तालको देश पनि भनिन थालेको छ। ताल उचाईमा अवस्थितको विशेषताले, पहाड र हिमाल बीच अवस्थितका विशेषताले, अनुसन्धानका विषय (जियोलोजिकल)ले, दृश्याबलोकनका विषयले, मनोरञ्जनका विषयले, काव्यात्मक विषयले आकर्षक छन्। सही व्यवस्थागरी हिमछादित क्षेत्रका, पहाडी प्रदेशका ताल र समथर भूभागका ताल भू सुन्दचताका विषयले महत्वपूण छन्। हिमतालहरू र उचाईका तालहरूको अलगअलग मह्त्व छ।

हिमाल पहाड, भित्रिमदेश र तराईमा विभाजित नेपाली भूभाग विश्वमै अद्बीतीय छ। भौगालिक हिसाबको बनोटका कारण नेपाल विचित्रको देश छ। यो कसैको कल्पना बाहिरको देश हो। एउटा विचित्र परिदृश्यको देश हो, एउटा स्वर्ग हो, जहा मानिस जीवीतै त्यहाँ जान र भोग्न शक्दछन्। नेपाल जस्तो हिंवैहिउँले ढाकिएको देश, पहाडैपहाडले भरिएको देश, नदी, लहरा पहरा र छहराको देश, पशुपंक्षी र जडिबुटीको देश, कला संस्कृति र मन्दिरको धनी देशको जुनसुकै थलोलाई पनि पर्यटन स्थलमा परिणत गर्न सकिन्छ। अन्तु डाँडोदेखि रारा तालसम्म, मुक्ति क्षेत्रदेखि लुम्बिनी वनसम्म जतातत्तै आकर्षण र मनोरम ठाउँथलाहरू मात्र छन्। नेपाल पृथ्वीमै अनुपम र अद्बितीय देश हो। विश्वको सर्वोच्च शिखर, विश्वको सबैभन्दा गहिरो गर्ज, बुद्धको जन्मथलो, शुद्ध प्राकृतिक रूप, विशाल हिमालय श्रृङ्खला, हजारौं नदी र खोलाको जालो, ठूलो जल सम्पदा, आकर्षक संस्कृति र विदेशीभन्दा हुरूक्क हुने नेपाली संस्कार, हिमालय राष्ट्रिय निकुञ्ज, पर्वतमस्तक रिसोर्टस, कुनै व्यक्तिविशेषले नबनाएको धर्म (संप्रदाय होइन) भएको देश, अनेकतामा एकता भू बनोट, अनेकतामा एकता वनस्पति, पशुपंक्षी कीटपतङ्ग, जलचर तथा नभचर, पूर्वीय सभ्यताको एक मात्र संग्रहालय भएको देश, नदी सतही जल कृडा रिसोर्टस समेतको विकास गर्ने सहज भएको एक मात्र देश हो। हिमालय राष्ट्रिय निकुञ्ज पर्यटन, मस्तक पर्यटन, नदी किनार पर्यटन, गाउँ पर्यटनलाई मौलिक र अन्यत्र बन्नै नसक्ने पर्यटनका रूपमा विकास गर्न सकिन्छ।

जलविहार, वनविहार, ताल पर्यटन, गुफा, झर्ना, हिमाल, उपत्यका, गर्ज, भावर, भित्रिमधेश, हिमाल वारपार, चुरे पहाड, तराइ प्रदेश, पहाडी प्रदेश आदि हाम्रो भूगोलले बनाइदिएका विचित्र भौगोलिक पर्यटन विन्दू हुन्। तिनलाई कसरी सन्चालन गर्ने भन्ने कुरा महत्वपूर्ण हो। त्यही नभएका कारण हामी पछाडि परका हौं। पर्यटनको हिसाबले नेपाललाई १८ वटा वातावरणीय क्षत्रमा राख्नु पर्ने हुन्छ। यसै अनुसार वनस्पतिको निर्माण हुन्छ। जडिबुटीबाट ओखती बन्छ, उद्योग चल्छ, निर्यात बढ्छ।

झर्ना ताल तलैया श्रोत पनि भौगासलक श्रोत हुन्। नेपाल पहाडै पहाडको देश भएकोले देशका सबैजसो भागमा साना वा ठूलो होचा वा अग्ला झर्ना देख्न पाइन्छ। तिनको आजसम्म चित्र संकलन र अभिलेख तयार पारिएको छैन। झर्नाहरू पहाडका सौन्दर्य प्रसाधनका बस्तु हुन्, पहाडका गहना हुन्। अमेरिकाको नायग्रा फल (झर्ना) वा दक्षिण अफ्रकाको भिक्टोरिया फल्स झैं ठूला झर्नाहरू नेपालमा छैनन्। तर नेपालका झर्नाको बेग्लै महत्व पाइन्छ। नेपालका पहाडी भागमा ससाना झर्ना जतातै देख्न पाइन्छ। वर्षामा भर्नाको संख्या दोब्बर, तेब्बर पुग्दछ। शरद ऋतुमा झर्ना हेर्न सबै भन्दा रमाइलो हुन्छ। यस मौसममा झर्नाको आकार ठूलो हुन्छ, झर्नाको विशेष स्थान रहेको छ। झर्ना आँखालाई हेर्न रमाइलो मात्र होइन, यसले मनको भावनालाई पनि स्फुरण गराइ दिन्छ। झर्ना वरिपरि मानिसको हल्लाखल्लाको आवाजको सट्टा चराहरूको कलरव ध्वनी हुने गर्दछ। त्यसले मानिसलाई मनमुग्ध पार्दछ। झर्नाले जो सुकै साधारण व्यक्तिलाई पनि कवित्व भावमा परिणत गराई दिन्छ। साधारण मानिस कवि हुन्छ र कविहरू, कलाकर्मी, महाकवि निकट हुन पुग्दछन्।

नेपालका पहाडी प्रदेशमा विभिन्न रूप, आकार र उँचाइका हजारौं झर्ना छन्। कहींकहीं ताल र झर्ना संगसंगै रहेका छन्। ती सबैको अभिलेख गर्ने, पूर्वाधार निर्माण गर्ने र पर्यटकीय प्याकेज बनाउने काम भएको छैन। त्यस्ता स्थलहरूमा ग्रामीण पर्यटन, धार्मिक पर्यटन, ट्रेकिङ पर्यटन, गुफा पर्यटन जस्ता स्थानीय सबै पर्यटनमा हाइकिङ् वा ट्रेकिङ् गराएर पर्यटकीय आकर्षण बढाउन सकिन्छ। यसले नयाँ, एकैसाथ दोहोरो आकर्षण बढाएर पर्यटकको अबधि बढाउन पनि सघाउँदछ। नमुनाकालागि केही झर्ना तल उल्लेख गरिएका छन्।

हिउँदमा झर्नाबाट ठुला बरफका ढिक्का खस्ने गर्दछन्। ती ढिक्का खसेको आवाज गर्जनाहट सहित धेरै टाढासम्म सुनिन्छ। त्यसको सांगीतीय महत्व पनि हुन्छ। कवि मात्र होइन संगीतकार र चित्रकारको पनि महत्व हुन्छ।

यो र यस्ता छहरा वरिपरि यार्सागुम्बा र अन्य जडिबुटी पनि पाइन्छन्। यसलाई ग्रामीण पर्यटनमा आबद्ध गर्न सकिन्छ। हाइकिङ र रिट्रिट ट्रेकिङ द्वारा कवित्व/काव्य लेखन, पंछी बिहंगम, तथा कन्या प्रकृति-अबलोकन गर्न समुहका समुह लैजान सकिन्छ। कतिपय झर्ना अत्यधिक उचाइबाट झर्दछन् यसको सबै पानी बाफ वा मेघ झैं भएर आकाशमा फैलिन्छ। त्यसमा घामका किरण परेका बखत त्यसको रूपरङ्गनै अर्कै हुन्छ। तर फेरि जम्मा भएर भुइमा कुदेको हुन्छ, रमाइलो र मनमोहक हुन्छ।

गुफा पर्यटन पनि हिमाल, पहाड, घाँच, उपत्यका, समथर खोल्साखाल्सी र लेकबेसीमा निर्मित छन्। नेपाल तपोभूमिका अतिरिक्त अभौतिक बस्तु, मनोभावना, मनोविज्ञान, सोच, चिन्तन गरेर नयाँ निचोड निकालेको थलो पनि हो। यहाँ यसरी खोजगर्ने तपस्वीले आफ्नो जीवनलाई प्राकृतिक अवस्थामा राखेर खोजगर्दा अनेकाअनेक गुफामा बस्ने गर्दथे। त्यस्ता गुफा दुइ थरीका छन्, प्रकृति निर्मित र मानव निर्मित। ती हजारौंको संख्यामा छन्।

हामीले नेपाल बारेमा दुःख र पीडाका नकारात्मक कुरा मात्र सुनेका छौं। तर यहाका प्राकृतिक वैभव र ती बैभवको सदुपयोग गरेर दुःख र पीडा हटाउने उपाय पट्टि कमैले ध्यान दिएका छन्। यस क्षत्रमा खोज्न बाँकी गुफाहरू लगायत अन्य धेरै कुरा छन्। मुख्य सवाल नेपाल शान्तिका लागि स्वर्ग नै हो।

# पश्चिमा साम्राज्यवादको रणनीति



सुरेशकुमार पाण्डे

सदियौं देखि गुलाम नभएको देश नेपाल विरहरूको भूमि हो। जो विर अंग्रेजी हुकुमतको सामु कहिल्यै झुकेनन्। हप्तौं सम्म खलङ्गाको नालापानी युद्धमा पानीको मुहान नै थुनेर पनि झुकाउन नसकेको अंग्रेजले नेपाल सँगको शङ्घर्षको स्वाद नचाखेको होइन।

भारतको भूमिमा तिनसय वर्ष आफ्नो हालिमुहाली गरेको अंग्रेज नेपालीसँग किन सम्झौता गरेर पछि सऱ्यो ? उसलाई डर थियो नेपालीहरू सँग लडाई जितेपनि ठुलो घाटा हुनेछ। नेपालीलाई झुकाउँन त्यती सजिलो थिएन्। जति सजिलो सम्झौता गरेर जमिन र विरहरूको पौरख लुट्न सकिन्थ्यो। सन् १८१५/१६को सुगुलीमा भएको घृणित सन्धी,र गोरखा भर्ति केन्द्र खोलेर नेपाली युवाहरूबाट पनि अंग्रेजले ठुलो फाइदा उठायो।

नेपालीलाई उस्ले नेपालीसँग पनि लडायो र छिमेकी मुलुकहरूलाई आफ्नो अधिनस्त गराउन नेपाली फौजको प्रयोग गर्यो। इतिहासबाट सब सिकेको अंग्रेजको उदेश्य अहिले नेपालको धर्तीलाई प्रयोग गरेर चीनसँग युद्ध गर्ने उस्को रणनीति नै हो। त्यो वेला उस्ले पुराएको दिमाखले अहिलेपनि फाइदा उठाइरहेको छ।

भनिरहनु पर्दैन् नेपाल एसियाकै ठुला/ठुला दुइ देशको चपेटमा छ। दुइ ढुङ्गाको तरूल बनेको नेपाल भारत र चीनसँगको समुधर सम्बन्धकै कारण पनि जिवित छ। कुनै पनि एउटा देश सँग गर्ने व्यवहारमा सन्तुलन डगमगायो भने देशको अबस्था बिकराल हुनसक्छ। कहिले चिनले तान्छ भूमि, त कहिले भारतले तानिरहन्छ।

आर्थिक अबस्थामा कम्जोर देश, थोरै जनसंख्या भएको देश नेपाललाई सुगौलीको सन्धीबाट मेची र महाकालीमा सिम्टायो। टिष्टा देखी सतलज सम्म फैलिएको बिशाल भूमी अहीले सानो भएर पनि आफ्नो अस्तित्वको लडाई लडिरहेको छ।

हाम्रो बिदेश नीति असंलग्न छ। तर अमेरिकी एमसीसीलाई समर्थन गरेपछि हाम्रो बिदेशनीतिमा असर पर्ने प्रष्टैछ। भदौ १३ देखि ५ वर्षका लागि एमसीसी कार्यान्वयनमा गइसक्यो। लाभ के कति हुने हो, संसदले जनतालाइ बताएको छैन।

भारतपछि अमेरिकाको नेपाल प्रवेश, यसकारण चीन सशंकित छ।

५० करोड डलर अनुदानको नाउमा यो परियोजनाका लागि २०७४मा नेपाल र अमेरिका बिच सम्झौता भएकोथियो। एमसीसी सम्झौता ३० असार २०७६मा संसदमा दर्ता भयो। त्यो वेला एमालेका अध्यक्ष केपी शर्मा ओलि प्रधानमन्त्री थिए। २९ भदौ २०७४ मा सम्झौतामा हस्ताक्षर हुँदा नेपाली कांग्रेसका प्रधानमन्त्री शेरबहादुर देउपाको नेतृत्वमा सरकार थियो। १८जेष्ठ२०७४मा वार्ता टोली पठाउँदा पुस्पकमल दहाल प्रधानमन्त्री र अर्थ मन्त्री कृष्णबाहादुर महरा थिए। सुशिल कोइराला प्रधानमन्त्री हुँदा २०७१ चैत्र २३ मा निर्देशक समिति गठन भएकोथियो। २७माग२०६८मा तत्कालिन माओवादी नेता डा.बाबुराम भट्टराई प्रधानमन्त्री र वर्षमान पुन अर्थमन्त्री भएको वेला एमसीसी सँग समन्वय गर्न अर्थमन्त्रालय वैदेशिक सहयोग हेर्न सहसचिवलाई सम्पर्क व्यक्ति तोकिएको थियो। संसदले एकमतले एमसीसी पारित गरेपछि संसदको जिम्मेवारी हो, जनतालाई बुझाउने।

अब प्रवेस गरौं छिमेकीको उदेश्य तिर ! बिगत केही वर्ष देखी खास गरेर भारतको आजादी पछिको एकदशकलाई छाडेर त्यसपछिका वर्षहरूमा नेपाललाई हेर्ने दृष्टिकोणमा भारतको गुणत्मक फरक छ। भारतको आजादीमा नेपाली जनताहरूले जुनप्रकारको भूमिका निर्वाह गरेका थिए, त्यसको बद्लामा हामीले छिमेकी मुलुक सँग जस्तो अपक्षा गरेका थियौं त्यसको ठिक उल्टो भयो। हस्तक्षेप जारी छ।

नेपालले इमानदारी र बफादारी देखाएपनि छिमेकले बिस्तारै देशको सार्वभौमित्तामाथि गरेको कुदृष्टी कै परिणाम आज देशको अबस्था प्रष्ट देखिन्छ। छिमेकीहरूलाई सुस्त सुस्त आफ्नो उपनिवेस बनाउँने भारतको प्रयासनै रहँदै आएको छ। सन १९४७ पछि जव भारतले आजादी प्राप्त गर्यो उस्ले अंग्रेजको पदचिन्हमा आफुलाई हिंडाल्न थाल्यो। भारत सँग फुटेको पाकिस्तानको पूर्वको एउटा हिस्सालाई स्वतन्त्रताको नाउमा अलग राष्ट्र १९७१ बाँग्लादेश भारतकै रोहवरमा बेग्लै देशको रूपमा अस्तित्वमा आयो। र सिक्किम सन १९७५मा भारतको एउटा प्रान्त बनायो। त्योभन्दा पहिले सिक्किम स्वतन्त्र मुलुक नै थियो। त्यहाँको राजा च्वगेल सिक्किमका जनताले स्वतन्त्रता चाहान्थे। त्यसैको फाइदा उठाएर भारतले सिक्किमका राजासँग बारम्बारको सम्झौता गर्दै राजालाई पेण्डुलुम बनायो र लेण्डुपको सहयोगमा पुरै देशमाथि कब्जा जमायो। यही अवस्था अहिले नेपालको छ।

हाम्रा नजिकका शक्तिशाली देश भारत र चीन नै हुँन् र चीन भन्दापनि नजिकको सम्बन्ध हाम्रो सदियौं देखि भारत सँग रहँदै आएको छ। हाम्रो रहनसहन परम्परा र खुला सिमानाका कारणले पनि भारत र नेपालको आम व्यक्तिहरू वेरोक टोक आउने जाने चलन रहँदै आएको छ। र भारतको आजादी पछि सन १९५०मा भएको शान्ति तथा मैत्री सन्धिले पनि दुबै देशका जनताहरूले आवतजावत गर्ने छुट दिएकाले वेरोकटोक आउने जाने गरिन्छ। नेपालीहरू मज्दुरी गर्न भारत पस्छन् भने भारतियहरू नेपालमा आएर व्यापार र आआफ्नो पेसा गर्दछन्। त्यसकारणले हाम्रो भाषा, संस्कृती रहन सहन भेषभुषा आदीमा समानता देखापर्द छ। अहिले त भारतको बिहार जस्तै नेपालका मधेशहरू बनेकाछन्। कपाल काट्ने र कवाडी देखि लिएर ठुला ब्यापारीहरू भारतीय नै छन्।

सन १९५० को सन्धिलाई गम्भिर रूपमा अध्ययन गरेर यसबाट भएको असमान पक्षलाई हटाउनैपर्छ। यस सन्धिले दिएको अधिकार लिएर पञ्चशीलको आधारमा सन्धि गरेर जानु पर्दछ। तर हाम्रा नेताहरूले सन्धिलाई नै चुनावी मुद्धा बनाउँदै आएका छन्। सरकारको बाहिर भए भने असमान सन्धि भन्ने र त्यसको खारेजीको मागलाई लिएर आन्दोलन गर्ने। उही राजनीतिक पार्टी सत्तामा पुग्यो भने त्यो सन्धिलाई असमान नदेख्ने। र त्यस्तै प्रकारका असमान सन्धि निरन्तर जारी छन्।

अहिले भारत सँगसँगै पश्चिमा साम्राज्यवाद नेपाल भित्र पसेको छ। त्यो अवसर हाम्रै दलाल नेताहरूले प्रदान गरेका छन्। एउटा धर्मको माध्यमबाट, आर्को एमसीसी जस्तो राष्ट्रघाती सम्झौताबाट अंग्रेज फेरी हाम्रो देशभित्र पस्ने मौका पाएको छ। देशमा पहिले एकमात्र हिन्दु धर्म र त्यो हिन्दु धर्मले गरेको बिभेदका कारण दलित समुदायहरूको वीचमा इसाई धर्मको पासा फाल्न सफल भएको छ।

देशले धर्म निरपक्ष अपनाएर सबै धर्मलाई सम्मान दिने प्रावधान गरेको छ। तर हिन्दु र इसाई धर्मको बिचमा शंङ्घर्ष हुने धमिलोपन सिर्जित गरिदैछ। देशको यस्तो कहालीलाग्दो अबस्थालाई देखेर पनि जिम्मेवार हुन कोही सकेका छैनन्। देशभक्तहरू राष्ट्रियताको लागि एकगठ हुनुको साटो अनेकतामा लाग्नु दुःखलाग्दो बिषय हो।

दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित
गुनासो दर्ता गर्ने सम्बन्धी सूचना !
नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,
जमल, काठमाडौं, नेपाल।
पो.ब.नं.: ९७५४
फोन: +९७७-१-४३५५४७४, ४३५४७१७, ४३५५६४९
फ्याक्स: +९७७-१-४३५५२५०
इमेल: ntra@nta.gov.np, वेबसाइट: www.nta.gov.np

# शुक्रराज शास्त्रीको अपमान भइरहेकोमा चिन्ता



राणा कालिन समयमा पहिलो पटक आर्य समाज गठन गरी नागरिक हक, अधिकार बारे जन चेतना छर्ने, राष्ट्रिय शहीद शुक्रराज शास्त्रीको १३० औं जन्म जयन्तिको सन्दर्भमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना शहीद स्मारक समिति ललितपुरले गर्दै देशको समसामयिक राजनीतिक विषयहरू माथी गंभीर बहसको थालनी गरिएको छ।

मोहनराज शाक्यले ७३ वर्ष पुरानो प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रले नेपालको स्वतन्त्रता समेत गुम्न लागेको विषयमा चिन्ता व्यक्त गर्नु भएको छ।

केशव सिंह ठकुरीले ८६ औं दिन अघि देखि माइतघिर चोकमा जनता र देश बचाउनको लागि सत्याग्रह समेत गरिएको बताए। विनोद आचार्यले देशभक्त, समाजसेवी र वुद्धिजिवीहरू सबै एक नभए देश सकिने चिन्ता जनाए।

सेना र न्यायालयलाई २०७२ को संविधान जोगाउनेकी देश जोगाउने भन्ने बारे दवावमुलक कार्यक्रम गर्न जनता अघि सर्नुपर्ने विषय पनि उठ्यो।

कवि बलराम गौतमले हृदयस्पर्शी कविता मार्फत देश जोगाउन र दैत्यहरूको नाश गर्न आह्वान गरे।

प्रा.डा. यादव प्रसाद ढुंगाना, सरस्वती पन्त, ई. सुरेश रत्न वज्राचार्य, र शंकर मघैयाले विश्वशक्तिको युद्ध गर्ने मैदा नहोइन नेपाल भने। उपेन्द्र राज खनालले नेपाली कांग्रेस र सभापति देउवा भनेका हुतीहारा हुन्, सिद्धान्तहीन छन्, नेपालको धर्म संस्कृति, सभ्यता माथी तिव्र रूपमा अतिक्रमण भैरहेकोले अब हामीले पूर्वीय संस्कृतिलाई बढावा दिनु पर्छ, यसका लागि जनजागरणको अर्को उपाय छैन भने। प्रमुख अतिथि ज्येष्ठ नागरिक विष्णु भक्त तण्डुकारले देश अधोगतितिर लागेकोमा सबैले ध्यान दिन आग्रह गरे। कार्यक्रम दुर्गा बहादुर श्रेष्ठको सभापतित्वमा भएको थियो।

यसैगरी मोहनराज शाक्य, विष्णु सिंह डंगोल, अजित कुमार लामा, गाणेश बहादुर सिंह, राम कुमार रिजाल, एस तुलाधर, नर बहादुर मल्ल, घनेन्द्र बहादुर बस्नेत, प्रेम बहादुर चन्द्र ठकुरी, बलराम गौतम र कपिलमान खड्गीले २०७२ को संविधानले देश सिध्याउने बताए।






# अब त सेना पनि जाग्नुपर्छ

पहिले केन्द्रमा परमादेशी सरकार बनेको थियो, अब प्रदेशमा पनि बन्यो । कोशी प्रदेशमा कांग्रेसका उद्धव थापा बिस्थापित भएका छन्, एमालेको हिक्मत कार्की पुनः मुख्य मन्त्री बनेका छन् । ३० दिनभित्र उनले विश्वासका मत लिनुपर्छ । मध्यावधि टार्ने हो भने कांग्रेस, एमाले मिलेरै सत्तामा बस्नुपर्छ, अन्यथा ६ सिटे राप्रपालाई मुख्यमन्त्री दिएर सरकार बनाउनुपर्ने हुन्छ । अन्यथा मध्यावधि टर्दैन । बहुमत पुऱ्याउनका लागि कोशीमा जुन प्रकारको जालझेल देखियो, संविधानमाथि खेलबाड भयो, दुई दुईपल्ट संवैधानिक अदालतले निर्णय दिनुपऱ्यो । ठूला पार्टीवीचको झगडाले मुलुकमा हुनसम्मको बेथिति केन्द्रदेखि प्रदेशसम्म चलेको देखिन्छ ।

कस्तो भाँडभैलो भएको हो यो मुलुक । ठूलो पार्टी कांग्रेससँग सेटिङ मिलाएर केन्द्रमा ३२ सिटे माओवादीले झण्डै वर्ष दिन सरकार चलाइसक्यो । सत्ताका लागि नियम, कानुन, संविधानको धज्जी उडाउँदा पनि यिनै भन्छन्- लोकतन्त्र, गणतन्त्र सुदृढ भयो । भन्न सकिन्न अझै कतिसम्मको नैतिकहीनता देखिने हो ?

संघीयताको बिरोधी हो राप्रपा, मुख्यमन्त्रीको रसास्वादन गर्न जाला ? आखिर बागमती प्रदेशमा राप्रपाका भुवन पाठकले सभामुख चलाएकै छन् । नीति, सिद्धान्तको पछि किन लागिरहनु पर्ला र ? यो त भाषणबाजीको विषय न हो ? केहीसमय अघि जनमोर्चाका संघीयता बिरोधी चित्रबहादुर केसी संघीय मामिला मन्त्री नै बनेका थिए । जनतालाई देखाउने विधान र घोषणापत्र त कागजको खोस्टो न हो ? यद्यपि कोशीमा पदको रडाको मात्र छैन, प्रदेशको नाममा समेत ठूलो बिबाद छ । सुदूर पश्चिममा समेत प्रदेशको पुननामाकरण गरिनुपर्छ भन्ने आवाज उठिनै रहेको छ । त्यस्तै रोग अरू प्रदेशमा पनि सल्किन बेर छैन । किनकि प्रधानमन्त्रीले नै पहिचान आधारमा प्रदेशको नामाकरण गर्न लाखौं जनता सडकमा उतार्ने भनिसकेका छन् । माओवादीले बहुमत ल्याउन र बहुमत पाएमा जेसुकै निर्णय गर्न तैयार देखिन्छ । भनिन्छ, धरानको गोरू काण्ड र मन्दिर अगाडि निर्माण गरिएको चर्च काण्ड सेलासकेको छैन । फेरि सल्केर डढेलो लाग्न सक्छ । त्यही बेला तनहुँमा झण्डै गोरूलाई मार हान्न लगाएका ? अर्थात् यहाँ पहिचानको, धर्मको सवाल खडा गरेर राजनीति बहेक थप द्वन्द्वको वातारण सिर्जना गरिदैछ । एकातिर प्रदेशमा सरकारको स्थिति लठभद्र गराउने, त्यही मेसोमा जातीय, धार्मिक, सांस्कृतिक बितण्डा खडा गरिदिने । यही हो अहिलेको गणतन्त्रे राजनीति । नेतृत्व नभएकाले होला, नेपाली जनता मौन छन् । बिद्रोह गर्न सडकमा उत्रदैनन् । यहीकारण नेतृत्वले पाएसम्म भ्रष्टाचार गर्ने, कमिशन खाने, सेटिङ मिलाएर जेमन्त गर्ने, कारवाही कतै केही नहुने स्थिति चर्केको हो । विज्ञहरू भन्छन्- राष्ट्र शक्तिशाली राष्ट्रहरूको खेल मैदान भइसक्यो । आक्रोसित एक ब्यात्तिले कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवलाई खुकुरी प्रहार गरिदिएपछि कांग्रेसका भातृ संगठनले बिरोध जुलुस निकाले । तर जनताका कष्टहरू, राष्ट्रका विषयमा कुनै दलले मुख खोलेका छैनन् । अभिभावकविहीन भयो मुलुक । एउटै उपाय छ, नेपाली सेनाले मुलुकलाई त्राण दिने । सेनाले शासनसत्ता हातमा लिएर अन्तरिम संविधान बनाउन लागउने, राजसंस्थालाई पनि स्थान दिने, त्यसपछि पूर्ण संविधानको गृहकार्य अगाडि बढाउने । वर्तमान संविधान असफल भइसक्यो, खारेज गरिदिने । संविधानको बहानामा जे जति राष्ट्रघाती, जनघाती काम भएका छन्, यस्ता कर्तुतको सजाय नदिने हो भने यो मुलुक बच्दैन । नेपाली सेना यो मुलुकको निर्मातामध्ये एक हो । सेना अघि नसरी केही हुँदैन । किनभने जनता पार्टी पार्टीमा बिभाजित छन्, असहाय छन्, तिनीहरू बोल्दैनन् । बरू पिल्सिएर बस्छन् । भन्नलाई त यही असोजभित्र केही हुन्छ भनिदैछ, स्थिति हेर्दा आजभोलि नै केही हुनैपर्छ भन्न बाध्यता रहेको छ । गाउँ गाउँमा सिंहदरावर भन्दै कसरी यिनले गाउँपालिकास्तरसम्मै भ्रष्टाचार संस्थागत गरिदिए । नेपालको यस्तो कन्तबिजोग । देश र जनताको कन्तबिजोग सेनाले हेरेर बस्न मिल्छ ?

परिवर्तन, संविधनसभाको नाटक, संविधान जारी, अत्यधिक खर्चालु चुनाव, जनता भोट हाल्न बाध्य, सरकार चाहिं पटक पटक सर्वोच्च अदालतले बनाइदिनुपर्ने । अब पनि सेना चूप लागे, जनता र देशको भार लाग्छ है । नेपाली सेनाले निर्णय गर्ने बेला भयो । आमनागरिकको नजर भर र विश्वासको केन्द्र नेपाली सेनातिर देखिन्छ ।


## आँखा रोगबाट बच्ने उपाय

- आत्महत्या कुनै पनि समस्याको समाधान होइन,
- कुनै पनि समस्या र चुनौतिबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथि विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड


# महामहिम चिनियाँ राजदूत जो चर्चामा छन्



काठमाडौं । चीन शान्त कुटनीति गर्छ भन्नु गलत हुनेछ । अब चीन सुरक्षा चासो हाम्रो पनि छ भनेर आक्रामक रूपमै अगाडी आएको देखिन्छ ।

फाउन्डेशन अफ ट्रान्स हिमालयन रिसर्च एन्ड स्टडिजले गत शनिबार गरेको ***'विश्व अर्थतन्त्रमा चीन र नेपालमा यसको प्रभाव'*** कार्यक्रममा महामहिम चिनियाँ राजदूत छन सङले यस्तै आक्रामक सत्य बोलिदिए । यसकारण चिनियाँ राजदूत यतिबेला नेपाली कूटनीतिक बृत्तमा चर्चामा छन् ।

महामहिम चिनियाँ राजदूतले विद्युत ब्यापारदेखि धेरै कुरा बोलेका थिए- 'मैले काठमान्डु पोस्टमा केही दिनअघि मात्रै पढेँ । नेपालका हरेक राजनीतिज्ञ, नेता, व्यवसायी र आम जनता चीनमा भन्दा बढी बिजुली भारत निर्यात गर्ने कुरा गरिरहेका छन् । त्यसपछि हामी स्वतन्त्र अर्थतन्त्र बन्नेछौं भनेर भन्छन् । वास्तविकता के हो ? म यहाँ राख्न चाहन्छु । नेपालले गत आर्थिक वर्षमा १० अर्ब रूपैयाँको बिजुली भारत निर्यात गरेको थियो । भारतबाट कति आयात गऱ्यो ? तपाईंले भारतबाट १९ अर्ब नेपाली रूपैयाँको बिजुली आयात गर्नुभयो । तपाईले बिजुली व्यापारमा घाटा गर्नुभयो । बिजुली तपाईले गर्व गर्ने उत्पादनहरू मध्ये एक हो । तपाई सोच्नुहुन्छ कि यसले मुलुकमा आर्थिक स्वतन्त्रता ल्याउनेछ ।'

भारतले परराष्ट्रलाई दबाब दियो, प्रम प्रचण्डको चीन भ्रमण हुने बेलामा चीनलाई सोध्ने हिम्मत हुने कुरै भएन । परराष्ट्रमन्त्री संवेदनशील विषयमा सबर गर्नुपर्ने बताउँछन् । एमालेको तर्क छ- अरू विषयमा ध्यान दिनुभन्दा पनि हामीले आफ्नो राष्ट्रिय आवश्यकता के हो हेर्नुपछ । माओवादी भन्छ हतारमा यसो उसो टिप्पणी गरिहाल्न आवश्यक छैन । अर्थात मौन छ, कांग्रेसभित्र चीनलाई कसरी दपेट्ने भन्ने छटपटी छ तर सत्तारूढ कांग्रेसले मुख खोल्न सकेको छैन ।

पहिले पहिले भारतीय हस्तक्षेप हुने गरेको निरन्तरता जारी नै छ । यो पहिलोपल्ट हुनसक्छ, चीनले राजदूतको मुखबाट स्पष्ट पार्न चाहेको । कति कूटनीतिक मर्यादायुक्त थियो थिएन, अलग विषय हो तर प्रम प्रचण्डको चीन भ्रमणका बेलामा चीन कडा रूपमा प्रस्तुत हुने सन्देश दिएको छ राजदूत महोदयको अभिव्यक्तिले ।

चीनले सहयोग गर्नेछ, बीआरआईमा नेपाल स्पष्ट हुनुपर्छ । चीनले पोखरा विमानस्थलको ऋणलाई अनुदानमा बदल्न पनि सक्छ तर नेपालले चीनको घेराबन्दी तोडेर सुरक्षा चासोमा आश्वस्त पार्ने स्किम बोकेर जानुपर्नेछ । चीनका थप उडान हुनसक्छन्, भारतले हवाई रूट नदिएको सन्दर्भमा चीनले धेरै सहयोग गर्नसक्छ । नेपालले चीन र भारतवीच समदूरीको कूटनीति अपनाउनै पर्छ । भारो-पश्चिमा लविमा पछि लागेको नेपाली कूटनीति निम्छरो हुँदै गएको सबैले देखेका छन् । यो अवस्थामा चीनले नेपालबाट आश्वस्त हुने आधार देखेको छैन ।

नेपालले एमसीसी कार्यान्वयनमा ल्यायो । भारतले यसमा कुनै आपत्ति प्रकट गरेको छैन । मौन छ । अर्थात भारतको सहमति छ । भारत-अमेरिका सम्बन्धको नयाँ श्रृङ्खलाको सन्दर्भमा अमेरिकी योजनाबारे भारत मौन बसेको हुनुपर्छ । यसैपनि चीनको नेपालमा बढ्दो लगानी भारतको लागि अप्रिय विषय हो । यसकारण पनि नेपालले एकदोस्रा छिमेकी र अन्य मुलुकको संवेदनशीलतालाई पनि ध्यान दिन जरूरी छ । नेपालले कसैको पक्षमा उभिन वा लाग्न जरूरी छैन । नेपाल र नेपालीको हित कसरी हुन्छ, सार्वभौमिकताको रक्षा कसरी हुनसक्छ, त्यसतिर ध्यान दिनुपर्छ । सधैंको सत्ताको किचलो, हानाथाप गर्ने अनि देशको आन्तरिक र बाह्य नीतिमा बेथिति हुनथालेपछि वाक्क भएका विदेशी प्रतिनिधिहरुले पनि यसैगरी बोल्छन् । चिनियाँ राजदूत पछिल्लो प्रतिनिधि पात्रमात्र हुन्, अघि धेरैले बोले ।

## एउटा बुद्धिजीवी, चिन्तक, कवि, विश्लेषकको अनुभूति यस्तो छ

# हामी सागपातसरह बाँचिरहेछौं



नेपालले अहिलेको अवस्थामा मान र सम्मान पाउने कुनै सम्भावना छैन । हाम्रो देशको स्वतन्त्रता र सार्वभौम अधिकार थोरैमात्र वचेको छ । नेपाल लाई फलानो सम्मेलनमा वोलाएन ढिलानो सम्मेलनमा वोलाएन भनी सोच्नु वेकार छ । अमेरिकाले विगतमा गरेको जलवायु सम्वन्धि विश्व सम्मेलनमा भुटानलाई वोलाईयो तर नेपाललाई वोलाईएन । जवकि दुई तिहाइ हिमाल हामीकहाँ पर्दछ जसको प्रभाव विश्वको जलवायुमा पर्दछ । किन वोलाईएन भन्ने जवाफ हामी सँगै छ । देशको स्वतन्त्रता र सार्वभौम अधिकार प्राय झण्डै सिध्दिएको अवस्थामा, जनताबाट चुनिएको नाममा देश र जनताप्रति कुनै सम्मेदनशिलता नभएको र समग्र नेपाल नै नेपालीको हातवाट प्रायः गैसकेको अवस्थामा तिरस्कृत हुने बाहेक मान्यता पाउने आधार नै छैन । हामीभन्दा सानो हैसियत र शक्ति भएको देशले पनि विश्वमा आफ्नो स्थान वनाएको छ । भुटानकै कुरा गर्नुस् । यो देश हामी भन्दा सुरक्षित र आफुवाट शासित छ । आकार र भूमिको हिसावले आज पनि नेपाल मध्यम खालको देशमा पर्दछ तर हाम्रो आर्थिक अवस्था गरिव भन्दा गरिव देशको भन्दा पनि कमजोर अवस्थामा छ । गोर्खाली कमान्डरहरूको जवाहारातको रूपमा परिचित हस्तिदलले नेपाल -अग्रेजको युद्धको वेला नेपाली फौजले समातेर बन्दी वनाएको र सेनाले मार्नै लागेको क्याप्टेन हेयर से लाई मुक्त गर्दै ज्यान वक्सिस दिदै रिहा गर्नु अगाडि भने "भाडाका मान्छेहरूले कुनै उदेश्यको लागि ज्यान दिदैनन्" ( Hired men do not give their lives for a cause ) आज हामी कस्ता मानिसहरूको अधिनमा छौ । हाम्रो राष्टको विनासको लागि विगत र वर्तमानमा शासकहरूले के गरे त्यो त हाम्रो ईतिहास र परिस्थितिले भन्छ । मुख आँ गरेर वसेको देशले वोलाएन भनेर चर्चा गर्नु हिनता हो । देशलाई कसरी बचाउने तिर नसोच्ने हो र नेपाली एकताबद्ध भएर वलियो नहुने हो भने भगवानले पनि हामीलाई बचाउन सक्दैनन् । मृत्यु त मर्नु नै छ तर प्रत्येक पल मर्दै जानु र त्यसलाई अनुभव नगर्ने मानिस धर्तिको लागि पनि वोझ हो । त्यस्तालाई मनुष्य भन्न सकिन्न । वास्तवमा भन्ने हो भने आज हामी मनुष्य भएर बाँचिरहेका छैनौं मात्र सागपात (vegetable) सरह वाचिरहेछौ ।

***टिप्पणी : हरेक दिन हजारौं युवा, दक्ष अदक्ष जनशक्ति विदेशीने क्रम रोकिएको छैन । होनहार देशभक्त भन्छन्- आफ्नो सन्तानलाई एयरपोर्टमा बिदाई गर्न जानुपर्छ, नजाउ भन्न सकिएन । भन्नुको अर्थ विदेशीने भीडले देशमा भविष्य देख्न छाडे । हरेक व्यक्ति विदेशीने र उतै बस्न थालेका छन् । यस्तो अन्धकार देशको भविष्य कोर्ने राजनीति खोई ?***